# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८)

# हाम्रो कृष्णपुर

## कृष्णपुर नगरपालिका
## कञ्चनपुर
## २०७८

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

## १. पाठ्यक्रमको परिचय

बालबालिकाहरूको समग्र पक्षको विकास गर्नको लागि विद्यालय भित्र तथा बाहिरबाट विद्यार्थीहरू मा आवश्यक ज्ञान, सिप, अभिवृत्ति, मूल्यको विकास गर्नको लागि तयार गरिएको शैक्षिक योजना नै पाठ्यक्रम हो । नेपालमा विद्यालय तहको पाठ्यक्रम विकास गर्दा वर्तमान समयमा भएको ज्ञान तथा प्रविधिको विकास र विस्तार,अन्तर्राष्ट्रिय परिवेश र स्थानीय विषयवस्तु तथा आवश्यकतालाई समेटी पाठ्यक्रम तयार गरिन्छ । नेपाल जस्तो बहुविविधता भएको मुलुकमा राष्ट्रिय पाठ्यक्रमले सबै स्थानको आवश्यकता र विषयवस्तुलाई समेट्न सक्दैन । अहिलेको विश्वव्यापीकरणको युगमा एकातिर अन्तर्राष्ट्रिय परिवेशको शिक्षा चाहिन्छ भने अर्को तर्फ आफ्नो देशभित्रका मौलिक पक्षहरुका बारेमा यथार्थ जानकारी आवश्यक हुन्छ । तसर्थ स्थानमा आधारित स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय पेसा, व्यवसाय, प्रविधि, सम्पदा, कला संस्कृति, वातावरण संरक्षण र विकास, स्थानीय स्तरमा आइपर्ने विपद् व्यवस्थापन जस्ता पक्षलाई सम्बोधन गरी स्थानीय ज्ञान, सिप, सिर्जनाहरूको पहिचान, विकास, संरक्षण, व्यवस्थापन, संवर्धन र प्रवर्धन गर्न आधारभूत तहको एउटा विषयको रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई दिइएको छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । यी विविध पक्षहरूको आधारमा स्थानीय स्तरमा पाठ्यक्रम विकास गर्दा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता, स्थानीय सरोकारवाला र स्थानीय विज्ञहरूको सहभागितामा पाठ्यक्रम विकास गर्नको लागि पाठ्यक्रम विकास गर्ने चरणहरू अवलम्बन गरी कृष्णपुर नगरपालिकाको सहयोग र समन्वयमा पाठ्यक्रम निर्माण समिति र पाठ्यक्रम समन्धी जानकार विज्ञको सहयोगमा यो पाठ्यक्रम विकास गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागदर्शन, २०७६ ले निर्दिष्ट गरेका प्रावधानहरूको आधारमा स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ । यो पाठ्यक्रम निर्माण गर्नुको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकताहरू पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, शिक्षक, विद्यार्थीका साथै भविष्यका नेतालाई समाजप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउनु, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । यस पाठ्यक्रममा विशेषतः हामी र हाम्रो नगर,स्थानीय पेसा,व्यावसाय र प्रविधि, हाम्रो स्वास्थ्य,आहार र खेलकुद, हाम्रो वातावरण,हाम्रो सम्पदा,हाम्रो भाषा र साँस्कृतिक मूल्य र मान्यता र प्रकोप तथा विपद् व्यवस्थापन जस्ता मुख्य विषय क्षेत्रहरू समावेश गरिएको छ । स्थानीय ज्ञान, सिप, सिर्जना तथा मूल्य मान्यताको विकास गर्नको लागि अनुभव आदानप्रदान, परियोजना तथा प्रयोगात्मक क्रियाकलाप र सिकाइअनुभवहरूको प्रतिविम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने पक्षलाई जोड दिइएको छ । विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट आर्जन र विकास गरेका ज्ञान, सिप र अभिवृत्तिलाई घर, विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापहरूलाई जोड दिई निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनहरूको माध्यमबाट उनीहरूले सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गरी सिकाइ सुनिश्चित गरिने कुरालाई जोड दिइएको छ । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (एकीकृत पाठ्यक्रम) ले गरेको प्रावधानअन्तर्गत कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत भार र बाह्य मूल्याङ्कनको लागि ५० प्रतिशत भार कायम गरी विद्यार्थीहरूले हासिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रूपमा अभिलेख गरी लेटर ग्रेडिङ पद्धतिअनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ ।

## २. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य

ज्ञानको संसार गतिशिल छ । आजको लागि सान्दर्भिक मान्यता वा विषयवस्तुहरु भोलीका लागि काम नलाग्ने हुन सक्छन् । त्यसैले समयको गतिशिलता सँगै पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । विभिन्न अनुसन्धानका नतिजाहरु,विद्यार्थी,शिक्षक तथा अभिभावकहरु,संघसंस्था र पेसासँग आवद्ध सङ्घ सङ्गठन, राजनीतिकर्मी,सूचना तथा सञ्चार माध्यम र नागरिक समाजबाट स्थानीय पाठ्यक्रमलाई सान्दर्भिक बनाउन सकारात्मक सल्लाह र सुझाव प्राप्त हुनेछ । साथै विश्व बजारमा भएको ज्ञानको सिर्जना र विस्तार, विज्ञान र प्रविधि क्षेत्रमा आएको परिवर्तन,वैशेषिक तथा राष्ट्रिय राजनीति,सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन,विद्यार्थीहरुमा विकसित हुनुपर्ने सिपहरु लगायत प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई ध्यानमा राखी राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ लाई आधार मानेर तयार गरिएको यस स्थानीय पाठ्यक्रम पनि समय अनुसार परिमार्जन हुनेछ । आधारभूत तहको स्थानीय पाठ्यक्रम परिमार्जनको औचित्य निम्नानुसार छन् :

- लामो समयदेखि सामान्य अद्यावधिक गर्नेबाहेक पाठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरुपलागायत शिक्षाका उद्धेश्यलाई पुनरवलोकन गरी पाठ्यक्रम परिमार्जन नभएको सन्दर्भमा समसामयिक विषयवस्तु समावेश गर्न ।

- नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रले लक्षित गरेको स्थानीकरण, विकास,समता,स्वतन्त्रता र स्वाभिमानको अभिवृद्धिमा सहयोग पुऱ्याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न

- ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरुसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलन सहित स्थानीय आवश्यकताको सम्बोधन गर्न ।

- सिकाईका नविनतम सिद्धान्त,विधि तथा प्रक्रियाहरु प्रयोग गरी सिकाईलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न

## ३. स्थानीय पाठ्यक्रमको औचित्य

नेपाल विविधता भएको मुलुक हो । सानो देश भएर पनि संसारका विविधताहरु यहाँ पाउन सकिन्छ । भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, वर्गिय जातीय भाषिक आदि दृष्टिले विविधता भएकाले यी विविध पक्ष सम्बन्धी ज्ञान सिप प्रदान गर्न स्थानीय पाठ्यक्रम महत्वपूर्ण रहेको छ । विश्वव्यापी रुपमा Think globally act locally  भन्ने अवधारणालाई मुर्त रुप दिन पनि स्थानीय पाठ्यक्रम आवश्यक रहेको छ । विश्वस्थानीयकरण ( Glocolization) अर्थात स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरणको सोचाइ अनुसार उजागर गर्दै प्रयोगमा ल्याउन यस पाठ्यक्रमको आवश्यकता भएको हो ।

स्थानीय पाठ्यक्रमका माध्यमबाट नेपालको संविधान (२०७२) मा मौलिक हक अन्तर्गत  व्यवस्था भएको धारा ३१ को शिक्षा र धारा ३२ को भाषा तथा संस्कृतिसम्बन्धी हक पुराहुने विश्वास गरिएको छ ।  यस पाठ्यक्रमले कृष्णपुर नगरपालिका क्षेत्रको विशिष्ट पहिचान दिनेछ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाँउ, समाज र नगरको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक बिपत्तीहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । स्वास्थ्य आहार र खेलकुद बाट स्वास्थ्यका लागि आहार र राष्ट्रका लागि खेलकुद बाट योगदान दिन उत्प्रेरित गर्नेछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका

धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गिण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि गाँउ छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुका साथै कुसल नागरिक तयार निर्माणका लागि योगदान दिनेछ ।
समग्रमा स्थानीय पाठ्यक्रमको औचित्यहरु यसप्रकार रहेका छन्

- समावेशी, विकास तथा मानवीय मूल्यको सम्मान गर्ने उत्तरदायी नागरिकको विकासका लागि नेपालको भौगोलिक, भाषिक तथा सांस्कृतिक विविधताको सदुपयोग गर्ने कार्यमा स्थानीय पाठ्यक्रमको भूमिका खेल्नेछ ।
- बढीभन्दा बढी समतामूलक सहभागिता र प्रभावकारी सिकाइका लागि सिकारु तथा उनको समुदायमा शिक्षालाई अझै अर्थपूर्ण र सान्दर्भिक बनाउन योगदान गर्न

## *४. पाठ्यक्रम विकासको नीतिगत व्यवस्था :*

आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यन्वयन सन्दर्भमा देहायबमोजिमको व्यवस्था रहेको छ ।

- आधारभूत तहमा व्यवस्था गरिएको स्थानीय विषय अन्तर्गत पाठ्यक्रममा मूल विषयका रुपमा समावेश भइसकेका नेपाली भाषा,अंग्रेजी भाषा, गणित,विज्ञान लगायतका विषय बनहेकका अन्य विषय मात्र पठनपाठन गराइनेछ ।

- स्थानीय तहले स्थानीय विज्ञ वा शिक्षा शाखा प्रमुखको सयोजकत्वमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समिति गठन गर्न सकनेछ । त्यस्तो गठित समितिले स्थानीय तह सँग समन्वय गरी कार्य गर्नेछ ।

- स्थानीय विषउवस्तु समेटी स्थानीय निकायको समन्वयमा आवश्यकता अनुसार *मातृभाषा वा नेपाली भाषामा* स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न सकिनेछ । विषयवस्तु छनोट गर्दा प्रयोगात्मक तरिकाले अध्यापन गर्न सकिने र दीर्घकालिन रुपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिको हुनु पर्नेछ ।

- विद्यालय वा स्थानीय तहले निर्माण गरेको पाठ्यक्रम नगरकार्यपालिकाबाट स्वीकृत भएपछि मात्र कार्यन्वयन गर्न सकिनेछ ।

- पाठ्यक्रमले तोके अनुसार सबै विद्यालय (सामुदायिक र संस्थागत) ले पनि स्थानीय विषय अनिवार्य रुपमा लागु गर्नुपर्नेछ । सो को अनुगमन सम्बन्धित पालिकाले गर्नु पर्नेछ ।

- स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्थानीय तह जिम्मेवार निकायका रुपमा रहनेछ । स्थानीय तहको शिक्षा हेर्ने शाखाले स्थानीय तहभित्रका विद्यालयका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न समन्वय तथा संयोजन गरी प्राविधिक सहयोग उपलब्ध गराउने ।

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यन्वयनकालागि शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न पाठ्यकम विकास केन्द्र तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत आवश्यक व्यवस्था गरिनेछ ।

- प्रदेशले विभिन्न स्थानीय विषयका नमूना पाठयकम विकास गर्न सक्नेछ । प्रदेह तहकाट विकास गरिने नमूना स्थानीय पाठ्यकैम सम्बन्धित स्थानीय तह बाट स्वीकृत गराई लागु गर्न सकिनेछ ।

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

● विद्यार्थी संख्यालाई आधार मान्दै अभिभावकको सल्लाह तथा परामर्शका आधारमा मातृभाषा स्थानीय विषयवस्तुको पठनपाठन गर्न सकिनेछ । मातृभाषा माध्यम वा विषय दुबै हुन सक्नेछ ।

● विद्यालयले आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम विकास गर्न चाहेमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्य गर्नेछ ।

● स्थानीय पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुपको भावना प्रतिकुल नहुने र धार्मिक,साँस्कृतिक र सामाजिक सद्भावमा नकारात्मक प्रभाव नपर्ने, राजनीतिक पूर्वाग्रह नहुने तथा राष्ट्रिय अखण्डता,सामरिक सुरक्षा,कुटनीतिक सम्बन्ध,अर्थतन्त्र लगायतका विषय राख्दा राष्ट्रियतामा आँच नआउने प्रकृतिका विषयवस्तु समावेश गर्नुपर्छ ।

● स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारन गरे अनुसारको स्थानीय पाठ्यक्रम तयार गरी कार्यन्वयनमा लैजानु पर्नेछ ।

## *५. स्थानीय विषयको पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त :*

नेपालमा पाठ्यक्रमको अवधारणाको विकासक्रम निम्नानुसार रहेको पाइन्छ ।

● प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा प्राथमिक तहमा ऐच्छिक विषयको व्यवस्था भएको र उक्त विषयको पाठ्यक्रम विकास तथा कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विद्यालय, विद्यालय समूह तथा जिल्लालाई दिइएको ।

● प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।"

● स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी स्रोत सामाग्री २०६८ अनुसार स्थानीय "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पमठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रुपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।"

● राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय आवश्यकतामा आधारित शिक्षामा जोड दिएको छ ।

● स्थानीय आवश्यकतालाई उचितरुपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रुपमा भइरहेको

## *५.१. स्थानीय पाठ्यक्रम विकासको सैद्धान्तिक आधारहरु :*

● पाठ्यक्रम विकासको आधारभूत मान्यता
● विश्वस्थानीयकरण (Glocolization) को मान्यता
● स्थानीय रुची र आवश्यकता
● शिक्षाको सामाजशास्त्रिय आधार
● स्थान विशेषमा आधारित शिक्षा

## *६. एकीकृत ढाँचाको पाठ्यकम :*

अलग अलग विषयहरु आ-आफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको विषयगत पाठ्यकमले विभिन्न विषयलाई अन्तरसम्बन्धित गर्ने र सिकाइलाई दैनिक जीवनसापेक्ष बनाई सान्दर्भिक बनाउने कार्यमा अपेक्षित योगदान गर्न नसकेको महसुस गरी पाठ्यकैमको वैकल्पिक ढाँचाको रुपमा एकीकृत पाठ्यकमको ढाँचा आएको हो । एकीकृत पाठ्यकममा विभिन्न विषयलाई अन्तरसम्बन्धित गरेर जीवन सापेक्ष हुने गरी सिकाई सञ्चालन गरिन्छ । राष्ट्रिय पाठ्यकम प्रारुप २०७६ मा

पाठ्यक्रमले अपेक्षा गरेअनुसारको सिकाइ उपलब्धी ज्ञान (Knowledge) र सिप (Skill) लाई वास्तविक जीवनमा रुपान्तरण गर्नका लागि एकीकृत ढाँचाको पाठ्यक्रम आवश्यकता परेको हो । यस पाठ्यक्रमको निर्माणमा निम्नानुसार स्थानीय विषयवस्तुहरुलाई एकीकृत ढाँचामा संगठन गरिएको छ ।

- आधारभूत तह अन्तर्गत कक्षा १-३ सम्म विद्यार्थीहरुमा व्यावहारकुशल सिपहरु (Soft skills) विकास गर्नका लागि अन्तरविषयक (Intredisciplinary) र वहुविषयक (Multidisciplinary) ढाँचा समावेश गरिएको छ ।
- आधारभूत तह कक्षा ४-८ सम्म विषयवस्तुहरुलाई विभिन्न विषयहरुमा समावेश गरी अन्तरसम्बन्धित गरिएको छ ।

## *७. विद्यालय शिक्षाका राष्ट्रिय उद्धेश्यहरु :*

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## *८. विद्यालय शिक्षाको तहगत संरचना र उमेर :*

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका निम्नमोजिम हुने छ :

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समूह** | **सिकाइ क्षमतास्तर** |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बालविकास | ४ वर्ष | - |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९- १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

द्रष्टव्य : १. उपर्युक्त खाकाबमोजिम सिकाइ क्षमतास्तरसँग तादाम्य हुने गरी राष्ट्रिय योग्यता प्रारूपमा सिकाइ क्षमता स्तरको तहगत सक्षमता निर्धारण हुने छ ।

२. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धारमा थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास अनिवार्य हुने छ ।

३. उल्लिखित तालिकामा निर्दिष्ट उमेर समूहले सम्बन्धित वर्षको उमेर पूरा भएको जनाउने छ ।

## *९. विद्यालय तह (कक्षा : १–८) को पाठ्यक्रम संरचना :*

### *९.१ प्रारम्भिक बालविकास र शिक्षा*

*प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना :*

| **क.सं.** | **सीपका क्षेत्रहरु** | **सीपहरु** | **वार्षिक समय (घण्टामा)** |
|---|---|---|---|
| १ | आधारभूत सीप सिकाईका क्षेत्रहरु | (कं शारीरिक सीप | ३८४ |
| | | (ख) संवेगात्मक सीप | |
| | | (ग) सामाजिक,साँस्कृतिक र नैतिक सीप | |
| | | (घ) बौद्धिक तथा मानसिक सीप | |
| | | (ङ) स्वास्थ्य,पोषण,सुरक्षा र वातावरण सीप | |
| | | (च) सिर्जनात्मक सीप | |
| २ | विषयगत सीप सिकाइका क्षेत्र | (क) भाषिक सीप | १९२ |
| | | (ख) पूर्वगणितीय सीप | |
| | | (ग) दृश्यकला,कार्यतरिका र सिर्जनशीलता | |
| | | (घ) वरपरको वातावरण | |
| | | (ङ) सामाजिक सीप | |
| | | **जम्मा** | **५७६** |

द्रष्टव्य : १. उपर्युक्त तालिकाबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुने छ ।

## *१.२ आधारभूत तहको पाठ्यक्रम संरचना :*

### *क) आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम संरचना :*

आधारभूत शिक्षा (कक्षा १-३) मा एकीकृत स्वरूपको पाठ्यक्रम हुने छ । सिकाइका क्षेत्रहरू (Themes) पहिचान गरी विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा पाठ्यक्रम आधारित गरिने छ । यसअनुसार एकीकृत विषयक्षेत्रहरूले समेट्न नसकेका सिकाइ उपलब्धिहरूलाई समेट्ने गरी विषयगत सिकाइ क्षेत्रहरूसमेत रहन सक्ने छन् । भाषागत विषयसँग सम्बन्धित विषयक्षेत्रहरू पठनपाठन सम्बन्धित भाषामा नै गर्नुपर्ने छ । यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुने छ । यसले विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका सिपको विकासमा जोड दिने छ । नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । आधारभूत तह (कक्षा १-३) यस तहमा बालबालिकाहरूले आ मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । एकीकृत सिद्धान्तअनुसार विषयसम्बन्धी क्रियाकलाप, पाठ्यघण्टा (Credit hour) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

द्रष्टव्य :

१. पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (Credit hour) मानिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ छ

२. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्ने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्ने छ ।

३. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

नमुना स्थानीय पाठ्यक्रम, कृष्णपुर

४. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवन उपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

५. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापमा अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराइनुपर्छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

## *ख) आधारभूत तह (कक्षा ४–५) को पाठ्यक्रम संरचना* :

आधारभूत शिक्षा (कक्षा ४-५) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिने छ । यस तहको पाठ्यक्रम धेरै बोझिलो नहुने गरी विकास गरिने छ । यस तहमा नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । यस तहमा रहने विषय पाठ्यघण्टा बालबालिकाहरूले आ (क्रेडिट आवर) र वार्षिक कार्यघण्टा निम्नानुसार हुने छन् :

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्य :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप,

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

नागरिक चेतना आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ। स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ। स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप, कला, संस्कृति र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन्। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ, अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ।

२. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ। सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यताका आधारमा अनुकूलन गरिने छ। मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गर्न सकिने छ।

३. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ। मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ।

### *ग) आधारभूत तह (कक्षा ६–८) को पाठ्यक्रम संरचना :*

आधारभूत शिक्षा (कक्षा ६-८) मा विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक तथा मानवमूल्य, वातावरण, जनसङ्ख्या, स्वास्थ्य शारीरिक र स्थानीय विषयका सिकाइ क्षेत्रहरू नै प्रदान गरिने छ। स्थानीय आवश्यकतामा आधारित अध्ययनअन्तर्गत विद्यार्थीहरूलाई मातृभाषा वा स्थानीय कला, संस्कृति, सिप इत्यादिमा आधारित विषयवस्तु समावेश गर्न सकिने छ। साधारण जीवनका लागि आवश्यक अन्तरवैयक्तिक सिपहरू, स्वसचेतना सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइका सिपहरू, निर्णय गर्ने सिपहरू, सूचना प्रविधिसम्बन्धी सिपहरू र द्वन्द्व तथा तनाव व्यवस्थापनसम्बन्धी सिपहरू एकीकृत गरी पाठ्यक्रम विकास गरिने छ। यसप्रकार व्यवस्थित हुने पाठ्यक्रमको विषयगत संरचना निम्नानुसार हुने छ :

#### *(क) साधारण शिक्षा*

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

***द्रष्टव्य*** : स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ।

#### *(ख) संस्कृत/गुरुकुल/वेद विद्याश्रम शिक्षा*

स्थानीय पाठ्यक्रम कृष्णपुर

| क.सं. | विषयसम्बन्धी कियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी/ संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि/ संस्कृत व्याकरण | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा/ कर्मकाण्ड | ५ | १६० |
| ६. | वेद वा नीति शास्त्र | ४ | १२८ |
| ७. | संस्कृत भाषा | ३ | ९६ |
| | जम्मा | ३२ | १०२४ |

*द्रष्टव्य :* सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

*(ख) गोन्पा तथा विहार/मदर्सा शिक्षा*

| क.सं. | विषयसम्बन्धी कियाकलाप | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी/ संस्कृत रचना | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि/ संस्कृत व्याकरण | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा/ कर्मकाण्ड | ५ | १६० |
| ६. | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा<br>उर्दू भाषा | ४ | १२८ |
| ७ | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य<br>आचार शिक्षा (दिनियात)/कुरान (अरबिक) | ३ | ९६ |
| | जम्मा | ३२ | १०२४ |

द्रष्टव्य : सामाजिक अध्ययन विषयलाई सम्बन्धित परम्परागत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

## *१०. आधारभूत शिक्षा (कक्षा : १–८) का सक्षमताहरु :*

### सक्षमता (Competency) भनेको के हो ?

१. व्यक्तिलाई आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति तथा कार्य प्रदर्शन गर्न सक्ने क्षमता र कार्य तत्परताका सम्मिश्रण हो
२. काम गरेर सिक्ने र सिकेको कुरा व्यावहारमा प्रदर्शन गर्ने कार्य व्यावहार हो
३. समय, परिस्थिति अनुसार समायोजन हुन सक्ने गुण
४. व्यावहारमुखी ज्ञान, सिप र क्षमता

सक्षमता (Competency) = ज्ञान (Knowledge) + सिप (Skill) + प्रवृति (Attitude) + मूल्य (Value) + काम गर्ने तत्परता (Ability to do ) को समिश्रण/योग हो ।

**(Competency) = [KSAVA]**

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित

स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिकगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

### *(क) आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरू*

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने र आधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिने छ ।

*आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :*

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास

नमुना स्थानीय पाठ्यक्रम कृष्णपुर

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास

६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास

७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

*(ख) आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू*

*आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :*

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास

२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग

३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास

६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास

७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास

८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

*(ग) आधारभूत शिक्षा (कक्षा ६-८) सक्षमताहरू*

*आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :*

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग

६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग

नमुना स्थानीय पाठ्यक्रम, कृष्णपुर

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास

१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार १३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ११. विद्यालय शिक्षामा पठनपाठनसम्बन्धी व्यवस्था :

आधारभूत र माध्यमिक शिक्षाका सक्षमता हासिल गर्नका लागि आवश्यक पर्ने पठनपाठनको समयावधि, सिकाइ सहजीकरण प्रक्रिया र पठनपाठन हुने विषयको व्यवस्था निम्नानुसार गरिएको छ :

### *(क) पठनपाठनको समयावधि*

१. प्रारम्भिक बालविकास र शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सिप सिकाइ क्रियाकलाप र विषयगत सिप सिकाइ क्रियाकलाप सञ्चालन हुने छ। यसै गरी वार्षिक २५६ घण्टासम्मको मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुने छ। उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ।
२. विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने छ।
३. कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने छ।
४. कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने छ।
. पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिने छ।
६. तोकिएको पाठ्यघण्टा (Credit hour) नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ। सामान्यतया प्रतिदिन प्रतिविषय एक घण्टाको एक पिरियड हुने छ।

### *(ख) सिकाइ सहजीकरण प्रक्रिया*

१. प्रारम्भिक बालविकासमा पढाइ लेखाइमा भन्दा पनि बालबालिकाहरूको समग्र विकास, स्याहार तथा सुरक्षामा जोड दिनुपर्छ। प्रारम्भिक बालशिक्षाको सिकाइ क्रियाकलाप अनौपचारिक रूपले बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले सञ्चालन गर्नुपर्दछ। बालबालिकाको विविधतालाई ध्यानमा राखेर उनीहरूको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ। खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ। यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ।

२. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ। सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका(अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ।

नमुना स्थानीय पाठ्यक्रम, कृष्णपुर

३. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमा आधारित अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ।

४. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ।

५. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ।

६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ।

७. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ।

८. प्राविधिक तथा व्यावसायिक धारका विधागत विषयहरू (Disciplinary Subjects) मा सिकाइ सहजीकरण प्रक्रियाका लागि सामान्यतया ५० प्रतिशत पाठ्यभारको सैद्धान्तिक र ५० प्रतिशत पाठ्यभारको प्रयोगात्मक सिकाइ सहजीकरण क्रियाकलाप हुने छ।

## १२. आधारभूत तह ( कक्षा १–८) को स्थानीय विषयको पाठ्यक्रम

*क) स्थानीय विषयको पाठ्यभार तथा कार्यघण्टा :*

| क.सं. | तह | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १–३) | ५ | १६० |
| २ | आधारभूत तह (कक्षा ४–५) | ४ | १२८ |
| ३ | आधारभूत तह (कक्षा ६–८) | ४ | १२८ |

*ख) स्थानीय पाठ्यक्रमको विषय क्षेत्र :*

| क.सं. | विषय क्षेत्र |
|---|---|
| १ | हामी र हाम्रो नगर |
| २ | स्थानीय पेसा व्यावसाय र प्रविधि |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद |
| ४ | हाम्रो वातावरण |
| ५ | हाम्रो सम्पदा |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्य र मान्यता |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन |

*ग) आधारभूत तह (कक्षा १–८) को अन्त्यमा स्थानीय विषयमा निम्नलिखित सक्षमता हासिल हुने छन :*

१. कृष्णपुर नगरपालिका सँग परिचित भइ कुशल नागरिकको व्यवहार प्रदर्शन

स्थानीय पाठ्यक्रम, कृष्णपुर

२. स्थानीय पेसा व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान गर्दै व्यवहारिक सिपको उपयोग
३. स्वस्थ्य, असल आहार विहार युक्त जीवनशैली उपयोग गर्ने बानीको विकास
४. वातावरण संरक्षण एवम् प्रदुषण न्यूनीकरण सिप विकास
५. स्थानीय सम्पदाहरुको पहिचान र संरक्षण सचेतनाको विकास
६. भाषा र संस्कृतिको संरक्षण एवम् सृजनशिलताको उपयोग
७. विपत तथा जोखिम् व्यवस्थापन सिपको प्रयोग

*अ) आधारभूत तह (कक्षा १–३) का सक्षमताहरु*

१. नगरको सामान्य परिचय
२. स्थानिय कृषि, ब्यापार,पर्यटन, उद्योग तथा सञ्चार सम्बन्धि सामान्य ज्ञानको बिकास
३. स्वस्थ जीवनशैलीकालागि आहार बिहार , खेल तथा योग गर्ने बानीको विकास
४. प्रदुषण तथा फोहरमैलाप्रति सचेतना विकास
५. प्राकृतिक र धार्मिक सम्पदाहरुको पहिचान
६. स्थानीय जातजाति भाषा, धर्म रीतिरिवाज र बाजा सम्बन्धी ज्ञान
७. प्राकृतिक प्रकोपहरुको पहिचान र सजगता

*आ) आधारभूत तह (कक्षा ४–५) का सक्षमताहरु*

१. नगरपालिकाको संक्षिप्त परिचय बोध
२. स्थानीय कृषि, व्यापार, पर्यटन र उद्योग क्षेत्रको सम्भावना पहिचान
३. असल स्वास्थ्यका लागि स्वस्थ्य भोजन, खेलकुद तथा योगाभ्यासको प्रयोग
४. वातावरिणय संरक्षण, सम्बर्द्धन तथा फोहरमैला व्यवस्थापन सिपको विकास
५. प्राकृतिक र धार्मिक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन
६. स्थानीय भाषा, चाडपर्व र परम्परागत बाजाहरुको संरक्षण र सम्बर्द्धन
७. स्थानीय विपद् तथा जोखिमका क्षेत्रको पहिचान तथा सचेतना विकास

*इ) आधारभूत तह (कक्षा ६–८) का सक्षमताहरु*

१. स्थानीय तहको नगर कार्यपालिकाको गठन काम कर्तव्य र अधिकार, आयका स्रोत र विकास क्षेत्रको बोध
२. कृषि, व्यापार, पर्यटन र उद्योगको विकासमा स्थानीय सम्भावनाको क्षेत्र पहिचान तथा समस्या समाधानका व्यावहारिक सिपको विकास
३. खेलकुद,योगाभ्यासमा सहभागिता तथा औषधिय गुण भएका स्थानीय जडिबुटीको बोध, संरक्षण तथा प्रयोग
४. वातावरणको संरक्षण तथा फोहरमैला व्यवस्थापनमा सचेतनाको विकास
५. स्थानीय धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणको महत्व बोध
६. परम्परागत बाजा, वेषभूषाको पहिचान एवम् भाषिक सहिष्णुता कायम
७. सामाजिक समस्या र विकृतीको पहिचान र न्यूनीकरणमा असल व्यवहार प्रदर्शन
८. स्थानीय विपद् तथा जोखिमका क्षेत्रको पहिचान, सचेतना र न्यूनीकरणमा सहभागिता

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

## १३. विषय क्षेत्र र क्रम

### क) आधारभूत तह (कक्षा १–३)

| विषय क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | पाठ्य घण्टी |
|---|---|---|---|---|---|
| **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | ● आफू बसेको स्थानको नाम र वडा | ● आफू बसोबास गर्ने छरछिमेक,टोल तथा समुदायको सामान्य परिचय | ●आफू बसोबास गर्ने नगरको सामान्य परिचय | २० |
| **स्थानीय पेशा व्यवसाय र प्रविधि** | *कृषि* | ● कृषि र बालीनालीको नाम | ● कृषि पेशामा बालीनालीको प्रकारको सूची | ● तरकारी बालीको परिचय<br>● कृषि कार्यमा प्रयोग गरिने उपकरणहरु | ३६ |
| | *व्यापार* | ●घरमा गरिने व्यापार | ● गाँउघरमा गरिने व्यापारको नाम | ● स्थानीय समाजमा गरिने पेशा र व्यापारको सूची | |
| | *पर्यटन* | ● पर्यटकीय ठाउँहरुको नाम | ● पर्यटकीय स्थलहरुको परिचय | ● पर्यटकीय स्थलहरु | |
| | *उद्योग* | ● घरमा उपयोगहुने वस्तुहरु | ●स्थानीय क्षेत्रमा भएका उद्योगहरुको नाम | ●स्थानीय उद्योग र उत्पादित बस्तुहरु | |
| | *सञ्चार र प्रविधि* | ● सञ्चारका साधन | ● सञ्चारका साधनको उपयोग | ● सञ्चारका साधनको फाइदा | |
| **हाम्रो स्वास्थ्य, आहार र खेलकुद** | *स्वास्थ्य जीवनशैली र आहार* | ●आफ्नो भान्सामा पाक्ने दैनिक खाना<br>● तयारी खाना<br>● फलफूल<br>● दैनिक सरसफाई | ● दिवा खाजामा पाक्ने खाना<br>●चाडपर्वमा पाक्ने परिकार<br>● तयारी खाना<br>● फलफूल र सागसब्जी<br>●दैनिक सरसफाई | ●आफ्नो भान्सामा खाना पकाउँदा ध्यान दिनुपर्ने कुराहरु<br>●चाडपर्वमा पाक्ने परिकार<br>● तयारी खानाको असर<br>● फलफूल र सागसब्जी<br>● दैनिक सरसफाई | २८ |
| | *योग,व्यायम र खेलकुद* | ● योग ध्यानको प्रारम्भिक अभ्यास (सुखासन,पुतली आसन, ससकासन(खरायो आसन),ताडासन) | ● योग ध्यानको प्रारम्भिक अभ्यास (ओम उच्चारण,अनुलोम विलोम)<br>●प्राणायाम,मण्डूकासन(भ्यागुतो | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची<br>● योग ध्यानको प्रारम्भिक अभ्यास ( | |

नमुना स्थानीय पाठ्यक्रम,कृष्णपुर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आसन),त्रियक ताडासन,बज्रासन) | कपालभाती प्राणायाम,भूजंगासन,धुब्रासन, बृक्षासन) | |
| **हाम्रो वातावरण** | *वातावरणको परिचय* | ● आफ्नो वरिपरीका वस्तुहरु | ●वातावरणको परिचय | ●स्वच्छ वातावरणको परिचय र फाईदाहरु | १६ |
| | *प्रदुषण तथा फोहरमैला व्यवस्थापन* | ● घर आगन प्रदुषण<br>● फोहोरमैलाको परिचय | ● विद्यालय प्रदुषण<br>●व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपारिको वातावरणको सरसफाई | ● फोहोरमैलाको प्रकार (कुहिने नकुहिने) | |
| **हाम्रो सम्पदा** | *धार्मिक सम्पदा* | ● स्थानीय धार्मीक सम्पदाको नाम | ●स्थानीय चाडपर्व तथा धार्मीक सम्पदाको सूची र परिचय | ●स्थानीय धार्मीक स्थलमा हुने गतिविधि | १६ |
| | *प्राकृतिक सम्पदा* | ● प्राकृतिक सम्पदाको चिनारी | ●प्राकृतिक सम्पदाको परिचय | ●प्राकृतिक सम्पदाको सूची<br>● पानीका स्रोतहरु | |
| **हाम्रो भाषा र साँस्कृतिक मूल्य मान्यता** | *जातजाति,भाषा , धर्म र रितीरिवाज तथा स्थानीय बाजा* | ●स्थानीय जातजातीको नाम<br>●स्थानीयबाजाको नाम | ●स्थानीय जातजातीको नाम र बोलिने भाषा<br>● परम्परागत बाजाको सामान्य परिचय | ●स्थानीय क्षेत्रमा बोलिने भाषा र मान्ने धर्म | २८ |
| | *आदर सत्कार तथा सामाजिक कुरितीहरु* | ● साथी र गुरुहरुसँग चिनजान/ घुलमिल | ● परिचित व्यक्ति सँग घुलमिल र आदर सत्कार | ●साथी, गुरुहरु, र छरछिमेकीसँग मित्रवत व्यवहार र आदर सत्कार | |
| **प्रकोप तथा विपत व्यवस्थापन** | *प्रकोप तथा विपद्को परिचय, वर्गीकरण, बच्ने उपायहरु र* | ● विभिन्न प्रकोप र विपद्हरुको नाम | ● स्थानीय क्षेत्रमा भएका प्रकोप र विपद्को पहिचान र बच्ने उपाय | ● सडक दूर्घटनाका कारण र सावधानीका उपाय<br>● हावाहुरी र चट्याङ्ग | १६ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | |
|---|---|---|---|---|---|
| | *व्यवस्थापन* | | | | |

## *ख) आधारभूत तह (कक्षा ४–५)*

| विषय क्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ | पाठ्यघण्टी |
|---|---|---|---|---|
| **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | ●नगरपालिकाको बनावट र सिमाना जोडीएका पालिका | ● नगरपालिकामा रहेका प्रमुख गाँउ वस्ती/ नदि/वनजङ्गल<br>● नगरपालिकाको प्रमुख/उप प्रमुख र आफ्नो वडा अध्यक्षको नाम | १६ |
| **स्थानीय पेशा व्यवसाय र प्रविधि** | *कृषि* | ●कृषि उत्पादनको सामान्य फाइदाहरु | ● कृषि उत्पादनका क्षेत्रहरु | २० |
| | *व्यापार* | ●व्यापारको परिचय | ●व्यापारका फाइदाहरु | |
| | *पर्यटन* | ●पर्यटकीय क्षेत्रहरुको बर्गिकरण | ●पर्यटकीय क्षेत्रहरुको पहिचान | |
| | *उद्योग* | ●उद्योगको परिचय | ●उद्योगका फाइदाहरु | |
| **हाम्रो स्वास्थ्य, आहार र खेलकुद** | *स्वास्थ्य जीवनशैली र आहार* | ●स्वस्थ्यकर खानाको महत्व<br>● फलफूल र सागसब्जीको प्रयोग गर्दा हुने फाइदा<br>● दूग्ध परिकार र फाइदा<br>●अस्वस्थकर खाना | ●स्थानीय परम्परागत परिकारका नाम<br>● घरमा उत्पादन हुने फलफूल र सागसब्जी उत्पादनको तरिका<br>● शाकाहारी र मांशाहारी<br>●असल बानीको सूची | २८ |
| | *योग,व्यायम र खेलकुद* | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको सूची<br>● योग ध्यानको अभ्यास ( ॐ उच्चारण विधि,भ्रामरी प्राणायाम,सर्बाङ्गसन) | ● स्थानीय क्षेत्रमा खेलिने खेलको महत्व<br>● योग ध्यानको अभ्यास ( | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | |
|---|---|---|---|---|
| | | ● वरिपरिका औषधिय गुण भएका विरुवाहरु | भ्रस्तिका,कपालभाति, अनुलोमविलोम, शिथिलिकरण,ग्रीवाचालन, पादहस्तासन,त्रीकोणासन,अर्ध चन्द्रासन )<br>●औषधिय गुण भएका मसलाहरु ( हल्दी,टिमुर,अदुवा, मेथी,दालचिनी,ज्वानो,मरिच ) | |
| **हाम्रो वातावरण** | *वातावरणको परिचय* | ●वातावरणका तत्वहरु (जैविक, अजैविक) | ●स्थानीय वातावरण प्रदुषणका प्रकार<br>● वायु प्रदुषणका कारण,असर र रोकथाम | १६ |
| | *प्रदुषण तथा फोहरमैला व्यवस्थापन* | ●स्थानीय वातावरण प्रदुषणको परिचय<br>● फोहोरमैलाको वर्गिकरण(ठोस र तरल) | ● फोहरमैलाको असर | |
| **हाम्रो सम्पदा** | *धार्मिक सम्पदा* | ●स्थानीय धार्मीक सम्पदाको संरक्षणको आवश्यकता | ●समुदाय विशेषले मनाउने चाडपर्व<br>● धार्मिक स्थलको बनावट | १६ |
| | *प्राकृतिक सम्पदा* | ●प्राकृतिक सम्पदाको फाइदा | ● प्राकृतिक सम्पदा संरक्षणको उपाय | |
| **हाम्रो भाषा र साँस्कृतिक मूल्य मान्यता** | *जातजाति,भाषा, धर्म र रितीरिवाज तथा स्थानीय बाजा* | ●स्थानीय चाडपर्वको नाम<br>● परम्परागत बाजाको महत्व | ● भाषा संरक्षणको आवश्यकता<br>●संस्कारहरुको परिचय | २० |
| | *आदर सत्कार तथा सामाजिक कुरितीहरु* | ●सामाजिक कुरितीहरु | ● सामाजिक कुरितीहरुको कारण | |
| **प्रकोप तथा विपत व्यवस्थापन** | *प्रकोप तथा विपद्को परिचय, वर्गीकरण, बच्ने उपायहरु र व्यवस्थापन* | ● करेन्ट लाग्नु/सर्प टोकाइको परिचय,बच्ने उपाय | ● विपदका प्रकार<br>● मानविय विपदका कारण र न्यूनीकरणका उपाय | १२ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णा

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपु

## ग) आधारभूत तह (कक्षा ६–८)

| विषय क्षेत्र | विषयवस्तु | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पाठ्यघण्टी |
|---|---|---|---|---|---|
| हामी र हाम्रो नगर | *हाम्रो नगर* | ● नगरपालिकाको संरचना<br>●स्थानीय तहको निर्वाचन प्रकृया | ● कृष्णपुर नगरकार्य पालिकाको गठन प्रकृया<br>● नगरपालिकाले गर्ने विकासका क्षेत्र र आम्दानीका श्रोत | ● पालिकाको काम कर्तव्य र अधिकारहरु | १६ |
| स्थानीय पेशा व्यवसाय र प्रविधि | *कृषि* | ● निर्वाह र व्यावसायिक कृषि | ● कृषि पेसा सँग सम्बन्धित जनशक्ति | ● कृषिको महत्व | २० |
| | *व्यापार* | ● हाट बजारको परिचय | ● व्यापारको महत्व | ● व्यापार (राष्ट्रिय र अन्तर्राष्ट्रिय)को परिचय र महत्व | |
| | *पर्यटन* | ● पर्यटकीय क्षेत्रको महत्व | ● पर्यटकीय क्षेत्रको संरक्षणका उपाय<br>● स्थानीय पर्यटकीय सम्भावनाका क्षेत्रहरु | ● पर्यटकीय क्षेत्रहरुको संरक्षणमा समुदाय र स्थानीय तहको भूमिका | |
| | *उद्योग* | ●उद्योगको महत्व | ● स्थानीय क्षेत्रमा उद्योगले अर्थतन्त्रमा पुऱ्याउने योगदान | ● उद्योग सञ्चालन र व्यवस्थापनका समस्याहरु | |
| हाम्रो स्वास्थ्य, आहार र खेलकुद | *स्वास्थ्य जीवनशैली र आहार* | ● सन्तुलित भोजनको परिचय र त्यसमा रहेका तत्वहरु<br>● खानेकुरामा मिसावट<br>● उपभोक्ता स्वास्थ्यको परिचय | ● सन्तुलित भोजनको महत्व<br>● मिसावटयुक्त वस्तुको प्रयोगले पर्ने असर<br>● उपभोक्ता स्वास्थ्य आवश्यकता | ● भोजनको वर्गिकरण<br>● उपभोक्ता सचेतना<br>● स्थानीय वनक्षेत्रमा पाइने मौसमी सागपातहरु | २८ |
| | *योग,व्यायम र खेलकुद* | ● स्वस्थ रहनका लागि खेल<br>●सूर्यानमस्कार,सेतुबन्धासन,गौमुखासन)<br>●औषधिय गुण भएका विरुवाहरु | ● शारीरिक खेल र बौद्धिक खेल<br>●योगको महत्व<br>● योग ध्यानको अभ्यास ( मिश्रदण्ड,नौकासन,पवनमुक्तासन,सूर्यनमस्कार)<br>● औषधिय गुण भएका झारपातका विशेषता | ● योग र रोगको सम्बन्ध<br>● योग ध्यानको अभ्यास (हनुमान दण्ड,मर्कटासन,सवासन,सूर्य नमस्कार,सौर्यकान्ती प्राणायाम) | |
| हाम्रो वातावरण | *वातावरणको परिचय* | ● जलप्रदुषणका कारण,असर र रोकथामका उपाय | ● भूमी प्रदुषण<br>● वातावरण संरक्षणमा समुदायको | ● ध्वनी प्रदुषणका कारण,असर र रोकथाम<br>● वातावरण संरक्षणमा स्थानीय निकायको | १६ |

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● स्थानीय वातावरण संरक्षणमा विद्यार्थीको भूमिका | भूमिका | भूमिका | |
| | *प्रदुषण तथा फोहरमैला व्यवस्थापन* | ● फोहरमैला व्यवस्थापनको परिचय | ● प्रदुषणका न्यूनीकरणमा व्यक्ति,समुदाय र संघसस्थाको भूमिका | ● फोहरमैला व्यवस्थानमा विभिन्न निकायको भूमिका | |
| **हाम्रो सम्पदा** | *स्थानीय धार्मिक सम्पदा* | ● धार्मिक सम्पदा संरक्षणमा परिवारको भूमिका | ● धार्मिक सम्पदा संरक्षणमा स्थानीय तहको भूमिका | ● धार्मिक सम्पदाहरुको संरक्षण र प्रवर्धन | १६ |
| | *साँस्कृतिक सम्पदा* | ● परम्परागत र आधुनिक पहिरन बिच भिन्नता | ● स्थानीय परम्परा, संस्कार र रितिरिवाज | ● स्थानीय साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्धन | |
| | *प्राकृतिक सम्पदा* | ● स्थानीय प्राकृतिक सम्पदाको संरक्षणमा विद्यार्थीको भूमिका | ● प्राकृतिक सम्पदाको संरक्षणमा समूदायको भूमिका | ● स्थानीय प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रवर्धन | |
| **हाम्रो भाषा र सँस्कृति** | *जातजाति ,भाषा, धर्म , रितीरिवाज र स्थानीय बाजा* | ● भाषिक विविधताको परिचय<br>● धार्मिक पर्व मेलामा हुने गतिविधिहरु<br>● जातिगत सहिष्णुता | ● स्थानीय समुदायका परम्परागत पहिरन तथा वेषभूषाका विशेषता,संरक्षण र प्रवर्द्धनका उपाय<br>● परम्परागत बाजाको संरक्षणका उपाय | ● मातृभाषा संरक्षणको आवश्यकता<br>● मातृभाषा संरक्षणमा विद्यालय र समुदायको भूमिका | २० |
| | *सामाजिक कुरितीहरु* | ● सामाजिक कुरितीहरुको असर | ● सामाजिक समस्या र विकृतीको असर र समाधानका उपाय | ● सामाजिक विभेद र कुरीति सम्बन्धी कानुनी प्रावधान | |
| **प्रकोप तथा विपत व्यवस्थापन** | *प्रकोप तथा विपद्को परिचय, वर्गीकरण, बच्ने* | ● विभिन्न प्राकृतिक विपद्हरुका कारण बाट उत्पन्न जोखिम | ● विपद् व्यवस्थापनका तरिकाहरुको सूची<br>● शितलहर | ● विपद्हरु रोकथाममा विद्यालय र स्थानीय तहको भूमिका<br>● लू–लाग्नु | १२ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | |
|---|---|---|---|---|---|
| | *उपायहरु र व्यवस्थापन* | | | | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

## *१४. विषयवस्तुको विस्तृतीकरण*

*कक्षा १*

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | अनु.पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | • आफू बसेको गाँउ टोलको नाम बताउन<br>• आफू बसेको गाँउ टोलको वडा नं. बताउन | • आफू बसेको गाँउ टोलको नाम<br>• आफू बसेको गाँउ टोलको वडा नं. | • आफ्नो बसोबास रहेको गाँउ टोल र वडा नम्बर सहित परिचय दिने र दिन लगाउने । | • गाँउ टोल र वडा नम्बर सहित परिचय दिए नदिएको जाँच गर्ने । | २० |
| २ | **स्थानीयपेसा व्यावसाय र प्रविधि** | कृषि | • आफ्नो घरमा उत्पादन हुने अन्नबालीको नाम बताउन<br>• घरमा उत्पादन हुने तरकारीको नाम बताउन | • घरमा उत्पादन हुने तरकारीबाली<br>• घरमा उत्पादनहुने अन्नबाली | • घरमा उत्पादित अन्नबाली वा सो का चित्रहरु प्रदर्शन तथा छलफल गरी बताउने<br>• आफ्नो करेसावारीमा उत्पादित तरकारी हरुको नाम भन्न लगाउने र सो का चित्रहरु प्रदर्शन गरी स्पष्ट गर्ने | • अन्नबाली र तरकारीहरुको चित्र देखाइ नाम भन्न लगाउने | ३६ |
| | | व्यापार | • घरमा दैनिक उपभोग्य वस्तुहरुको नाम बताउन<br>• घरमा उत्पादित बेचिने वस्तुहरको नाम बताउन<br>• घरमा आवश्यक खरिद | • घरमा दैनिक उपभोग्य वस्तुहरु<br>• घरमा उत्पादित बेचिने वस्तुहरु<br>• घरमा आवश्यक | • घरमा दैनिक उपभोगहुने वस्तुहरुको नाम बारे छलफल तथा चार्ट प्रदर्शन गरी बताउने<br>• घरमा उत्पादित बेचिने र खरिद गरिने उपभोग्य वस्तुहरुको | • घरमा उत्पादित,बेचिने र खरिद गरिने वस्तुहरको नाम भन्न लगाउने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गरिने उपभोग्य वस्तुहरुको नाम बताउन | खरिद गरिने उपभोग्य वस्तुहरु | बारेमा छलफल गरी चार्ट मार्फत प्रष्ट पार्ने | | |
| | | पर्यटन | ● आफ्नो वरपर भएका पर्यटकीय स्थलको नाम बताउन | ● आफ्नो वरपर भएका पर्यटकीय स्थल | ● स्थानीय पर्यटकीयक्षेत्रहरुको चित्र संकलन गरि प्रदर्शन तथा छलफलका माध्यमबाट नाम बताउने | ● आफ्नो वरपर भएका पर्यटकीय स्थलको नाम भन्न लगाउने | |
| | | उद्योग | ● घरमा उपयोग हुने वस्तुको नाम भन्न<br>● घरमा उपयोग हुने वस्तु उत्पादनहुने स्थानको नाम बताउन | ● घरमा उपयोग हुने वस्तुको नाम<br>● घरमा उपयोग हुने वस्तु पाइने स्थानको नाम | ● घरमा उपयोग हुने वस्तुहरुको सचित्र छलफल गराइ बताउने<br>● घरमा उपयोग गरिने वस्तु उत्पादन हुने स्थानको सचित्र छलफल गराइ नाम बताउने | ● घरमा उपयोग हुन वस्तुहरुको चित्र मार्फत वस्तु र उत्पादनहुने स्थान चिन्न लगाउने | |
| | | सञ्चार र प्रविधि | ●घरमा भएका सञ्चारका साधनहरु चिन्न<br>●परिवारका सदस्यले प्रयोग गर्ने सञ्चारका साधनहरुको नाम बताउन | ● घरमा भएका सञ्चारका साधनहरु<br>● परिवारका सदस्यले प्रयोग गर्ने सञ्चारका साधनहरुको नाम | ● स्थानीय क्षेत्रमा उपयोग भएका सञ्चारका साधनहरुको चित्र देखाइ चिन्न लगाउने<br>● सो चित्र मार्फत आ–आफ्नो घरमा उपयोग भएका सञ्चारका साधनहरु बारे छलफल गर्ने | ● घरमा प्रयोग भएका सञ्चारका साधनहरुको नाम भन्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | ● भान्सामा पाक्ने खाना र तयारी खानाहरुको नाम बताउन<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने फलफूलको नाम भन्न | ● भान्सामा पाक्ने खाना र तयारी खानाहरु ( जङ्क फूड)<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने फलफूल<br>● दैनिक सरसफाइमा | ● भान्सामा पाक्ने भोजनका सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गर्ने ।<br>● स्थानीय बजारमा पाइने तयारी खानाहरुको चित्र सहित छलफल गराउने | ● आफ्नो भान्सामा पाक्ने खाना नाम भन्न लगाउने<br>● भोजन चित्र मार्फत तयारी खानाहरु चिन्न लगाउने<br>● घरमा खाने गरेको | २८ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ● दैनिक सरसफाइमा प्रयोग गरिने सामानहरुको नाम बताउन | प्रयोग गरिने सामानहरु | ● विभिन्न फलफूलहरुको चित्र प्रदर्शन गरी आफूले खानेगरेका स्थानीय फलफूलहरु चिन्न लगाउने ।<br>●दैनिक प्रयोगमा आउने सरसफाई सँग सम्बन्धित सामाग्रीको बारेमा स-चित्र छलफल गरी बताउने । | स्थानीय फलफूलको नाम भन्न लगाउने<br>● दैनिक सरसफाइमा प्रयोग गरिने सामानहरुको नाम भन्न लगाउने | |
| | | योग व्यायाम र खेलकुद | ● योग ध्यानको प्रारम्भिक अभ्यास गर्न सुखासन,ज्ञानमुद्रा, पुतली आसन, ससकासन ( खरायो आसन),ताडासन मा बस्न | ● योग तथा ध्यानको परिचय र बाल आसन | ● मेरुदण्ड सोझो पारी बस्न सिकाउने<br>● ताली बजाउन सिकाउने ।<br>● सामान्य आसन (सुखासन)मा शिक्षकले बसेर देखाइ विद्यार्थीहरुलाई समेत बस्न लगाउने ।<br>● ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने )<br>● क्रमश : पुतली आसन,ससकासन र ताडासनको अभ्यास शिक्षकले गरी विद्यार्थीहरुलाई समेत गर्न लगाउने । | ●क्रियाकलाप अनुसारको योग अभ्यास भए नभएको अवलोकन गर्ने । | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● आफ्नो वरिपरि भएका ज्यान भएका र ज्यान नभएका वस्तुहरु नाम बताउन | ● वरिपरि भएका ज्यान भएका र ज्यान नभएका वस्तुहरु | ● कक्षा बाहिर विद्यार्थी लगेर विभिन्न वस्तुहरुको अवलोकन गराइ उक्त वस्तुहरु मध्ये ज्यान भएका र ज्यान नभएका वस्तु चिनाइ नाम बताउने । | ● अवलोकन गरिएका वस्तुहरुको नाम सोध्ने | १६ |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ●घरआगन र विद्यालयमा भएका फोहरजन्य वस्तुहरुको नाम भन्न<br>●आफ्नो आसपासमा रहेका फोहरजन्य वस्तुहरु निश्चित ठाउँमा जम्मा गर्न | ●घरआगन र विद्यालयमा भएका फोहरजन्य वस्तुहरु तथा व्यवस्थापन | ● कक्षाकोठा र चौर वरिपरि अवलोकन गराई फोहरजन्य वस्तु चिनाई नाम भन्न लगाउने ।<br>● फोहरजन्य वस्तुलाई नमूनाको रुपमा फोहर फाल्ने स्थानमा जम्मा गर्ने र सोही अनुसार गर्न लगाउने । | ● प्रत्येक दिन फोहरजन्य वस्तुलाई निश्चित स्थानमा जम्मा गरे नगरेको अवलोकन गर्ने | |
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | ● आफ्नो घरपरिवारका सदस्यले पूजा/प्रार्थना गर्ने स्थानको नाम भन्न<br>● आफ्नो समुदायमा भएका धार्मिक स्थल /मेलापर्व लाग्ने स्थानका नाम भन्न | ● परिवारका सदस्यले पूजा/प्रार्थना गर्ने स्थान<br>● समुदायमा भएका धार्मिक स्थल /मेलापर्व लाग्ने स्थान | ● प्रश्नोत्तरका माध्यम बाट प्राप्त उत्तर टिपोट गर्दै छलफल गर्ने<br>● स्थानीय धार्मिक स्थल, मेला पर्व लाग्ने स्थानका बारेमा चित्र प्रदर्शन गरी छलफल गर्ने | ● घरपरिवारका सदस्यले पूजा/प्रार्थना गर्ने ठाँउको नाम भन्न लगाउने<br>● समुदायमा भएका धार्मिक स्थल /मेलापर्व लाग्ने स्थानका नाम भन्न लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | ● आफ्नो वरपर भएका प्राकृतिक वस्तुहरुको नाम भन्न | ● प्राकृतिक वस्तुहरु | ● प्राकृतिक वस्तुहरुको चित्र देखाई सो बारेमा छलफल गराउने | ● आफ्नो वरिपरि भएका प्राकृतिक वस्तुहरुको नाम भन्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमान्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीय बाजा | ● आफू र आफ्नो छरछिमेकमा बसोबास गर्ने जातजातिहरुका नाम भन्न<br>● स्थानीय समाजमा बजाइने बाजाहरुको नाम भन्न | ● छरछिमेकमा बसोबास गर्ने जातजातिहरु<br>● स्थानीय बाजाहरु | ● विद्यार्थीहरुलाई परिचय दिन लगाइ जातजाति बारे छलफल गराउने ।<br>● बाजाहरुको चित्र चार्ट देखाइ स्थानीय क्षेत्रमा बजाइने बाजाहरु चिन्न लगाउने | ● छरछिमेकमा बसोबास गर्ने जातजातिहरुका नाम भन्न लगाउने<br>● बाजाको चार्ट देखाउदै स्थानीय बाजाहरुको नाम भन्न लगाउने । | २८ |
| | | आदर सत्कार तथा सामाजिक कुरीतिहरु | ● आफ्नो परम्परा अनुसार अभिवादन गर्न<br>● एकआपसमा चिनजान गर्न<br>● समूहमा मिलेर बस्न | ●अभिवादन,चिनजान र सामाजिकीकरण | ● विद्यार्थीहरु बिच अभिवादन गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने ।<br>●समूहमा मिलेर बस्न लगाउने ।<br>● मान्यजन र साथीहरुसँग बोल्दा तपाई, हजुर जस्ता आदरार्थी शब्दहरु प्रयोग गर्न सिकाउने । | ●दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● आदरार्थी शब्दहरु प्रयोग गरी आफ्नो साथी र गुरुलाई अभिवादन गर्न लगाउने । | |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गिकरण, बच्ने उपायहरु र व्यवस्थापन | ● विभिन्न प्रकोप र विपद्का नाम बताउन<br>●प्रकोप र विपद्को समयमा सुरक्षित रहने उपायहरु भन्न | ● प्रकोप र विपद्का नाम (स्थानीय स्तरमा भएका आगलागी,बाढी र हावाहुरी)<br>● प्रकोप र विपद्को समयमा सुरक्षित रहने उपाय | ● विभिन्न प्रकोप हरुका नाम चित्र सहित प्रर्दशन गर्ने<br>●विभिन्न प्रकोपहरु देखिने चित्रपत्ति वा video clip प्रर्दशन गर्ने<br>●विभिन्न प्रकोप तथा विपद वाट सुरक्षित रहने उपायहरु चित्रपत्ति वा video clip को माध्यम | ● स्थानीय स्तरमा भएका विभिन्न प्रकोप र विपद्का नाम भन्न लगाउने<br>●प्रकोप र विपद्को समयमा सुरक्षित रहने उपाय भन्न लगाउने | १६ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बाट वताउने | | |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा २*

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | • आफू बसोबास गरेको क्षेत्रमा रहेका समुदायको नाम बताउन<br>• आफू र आफ्नो समुदायमा बोलिने मातृभाषाहरु बताउन | • समुदायहरु ( बैतडेली,डोटेली,अछामी, बाजुरेली,बझाँगी,दलित, चौधरी र राना)<br>• समुदायको मातृभाषा( डोटेली,चौधरी,रानाथारु, राजी, नेपाली इत्यादी) | • विभिन्न समुदायको नामावली भएको चार्ट मार्फत आफ्नो समुदाय कुन हो भनि चिन्न लगाउने र छलफल मा सहभागि गराउने<br>• विद्यार्थीहरुलाई आफ्नो मातृभाषा के हो प्रश्न गर्दै सेतोपाटीमा टिपोट गर्ने र समुदायमा बोलिने मातृभाषा लेखिएको चार्ट प्रदर्शन गरेर समुदायमा बोलिने मातृभाषा चिन्न लगाउने | • समूदायको चार्टमा हाम्रो कक्षामा कुन कुन समुदायहरु रहेका छन् चिनाउने<br>• टिपोट गरिएको आधारमा विद्यार्थीले आफ्नो मातृभाषा चिन्न सके सकेनन मूल्याङ्कन गर्ने | २० |
| २ | **स्थानीयपेसा व्यावसाय र प्रविधि** | कृषि | •आफ्नो छरछिमेकमा उत्पादन हुने वालीनालीहरुको नाम बताउन<br>• आफ्नो छरछिमेकमा उत्पादन हुने तरकारी तथा | • आफ्नो छरछिमेकमा उत्पादन हुने वालीनाली,फलफुल र तरकारी | • आफ्नो छिमेकमा उत्पादन हुने बालीनाली, फलफूल र तरकारीहरुको नाम सम्बन्धी प्रश्नहरु गरी सूची द्वारा छलफल गराउने | • आफ्नो छरछिमेकमा उत्पादन हुने वालिनालीहरुको नाम भन्न लगाउने<br>• आफ्नो छरछिमेकमा | ३६ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | फलफूलहरुको नाम बताउन | | | उत्पादन हुने तरकारी तथा फलफुलको नाम भन्न लगाउने | |
| | | व्यापार | • आफ्नो गाउँघरमा गरिने व्यापारको नाम बताउन | • गाउँघरमा गरिने व्यापार | • आफ्नो गाउँघर/छरछिमेकमा गरिने व्यापार सम्बन्धी प्रश्नहरु गरी छलफल गराउने | • आफ्नो गाउँघर/छरछिमेकमा गरिने व्यापारको नाम भन्न लगाउने | |
| | | पर्यटन | • कृष्णपुर अन्तर्गतका पर्यटकीय स्थलहरुको नाम बताउन | • कृष्णपुर क्षेत्रमा रहेको पर्यटकीय स्थल | • कृष्णपुरमा रहेका पर्यटकीय स्थलहरुको सचित्र सूची देखाई छलफल गरी पर्यटकीय स्थलहरुको नाम बताइ दिने । | • कृष्णपुरमा रहेका पर्यटकीय स्थलहरुको नाम भन्न लगााउने | |
| | | उद्योग | •स्थानीय स्तरमा रहेका उद्योगहरुका नाम बताउन | •स्थानीय स्तरमा भएका उद्योगहरु | •स्थानीय स्तरमा सञ्चालित उद्योगहरुका नाम प्रश्नोत्तर बाट सुचि बनाइ त्यसबाट उत्पादित बस्तुहरुका बारेमा जानकारी दिने | • स्थानीय स्तरमा भएका उद्योगहरुका नाम भन्न लगाउने | |
| | | सञ्चार र प्रविधि | •सञ्चारका साधनहरुको उपयोगिता बताउन | •सञ्चारका साधनहरुको उपयोगिता | •सञ्चारका साधनहरु देखाइ ति साधनहरुको प्रयोगले हाम्रो जीवनमा भएको फाइदाको बारेमा छलफल गर्न लगाउने | •सञ्चारका साधनहरुको उपयोगिता फाइदा भन्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र | स्वस्थ्य जीवनशैली र आहार | • दिवा खाजामा पाक्ने परिकारहरुको नाम बताउन<br>• चाडपर्व वा विशेष अवसरमा पकाइने परिकारहरुका नाम भन्न | • दिवा खाजामा पाक्ने परिकार (दिवा खाजा सूची)<br>• चाडपर्व वा विशेष अवसरमा पकाइने | • विद्यालयको दिवा खाजामा खाइने परिकार सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गर्ने ।<br>• विभिन्न चाडपर्व तथा अवसरमा पाक्ने परिकारका सम्बन्धमा | • दिवा खाजामा पाक्ने परिकार र चाडपर्वमा पाक्ने परिकारका नाम भन्न लगाउने<br>•स्थानीय फलफूल र | २८ |

नमुना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | |
|---|---|---|---|---|---|
| खेलकुद | | ● स्थानीय फलफूल र साग तरकारीहरुका नाम भन्न<br>● हात,खुट्टा र नङको सरसफाई गर्न<br>● तयारी खाना (फास्टफूड) चिन्न | परिकारहरु<br>● स्थानीय साग तरकारी र फलफूल<br>● सामान्य व्यक्तिगत सरसफाई<br>●तयारी खाना ( फास्टफूड) | छलफल गर्ने ।<br>● फलफूल तथा साग तरकारीहरुका नाम र उत्पादन हुने ठाँउका बारेमा र छलफल गरी स्थानीय उत्पादनहरुका बारेमा सहजिकरण गर्ने<br>● प्रयोगात्मक कार्य मार्फत हात,खुट्टा र नङको सरसफाई गर्न लगाउने ।<br>● तयारी खानाहरु (फास्टफूड) संकलन गरी चिनाउने | सागतरकारीहरुका नाम भन्न लगाउने<br>● हात,खुट्टा र नङको सरसफाई अवलोकन गर्ने<br>● फास्टफूड खानाहरुको नाम भन्न लगाउने |
| | योग व्यायाम र खेलकुद | ●योग ध्यानको प्रारम्भिक अभ्यास गर्न<br>●ओम उच्चारण, अनुलोम विलोम प्राणायाम, मण्डूकासन (भ्यागुतो आसन), त्रियक ताडासन, बज्रासनमा बस्न | ● योग तथा ध्यानको परिचय र बाल आसन | ● मेरुदण्ड सोझो गरेर बस्न सिकाउने ।<br>●सबैजना मिलेर एकसाथ ताली बजाउन सिकाउने ।<br>● सामान्य आसन (सुखासन)मा बसेर विद्यार्थीहरुलाई समेत बस्न लगाई ॐ उच्चारण गर्न लगाउने ।<br>● कुनै पनि आसनमा बसेर अनुलोम विलोम प्राणायम गरेर देखाई अभ्यास गर्न लगाउने<br>● क्रमश : मण्डूकासन(भ्यागुतो आसन), त्रियक ताडासन, बज्रासनको शिक्षक आफै वा भिडियो क्लिप देखाइ विद्यार्थीहरुलाई समेत गर्न लगाउने । | ●क्रियाकलाप अनुसारको योग अभ्यास भए नभएको अवलोकन गर्ने । |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ●वातावरणमा भएका वस्तुहरुको नाम बताउन | ●वातावरणमा भएका ( सजीव तथा निर्जीव वस्तुहरु) | ● आफ्नो घर तथा विद्यालय वरिपरी रहेका वस्तुहरु देखाई तिनीहरु मध्ये सजीव र निर्जीव छुट्याउन लगाउने<br>● आफूले देखेका विभिन्न वस्तुहरुको नाम भन्न लगाइ बोर्डमा टिपोट गरी सो मध्ये सजीव र निर्जीव छुट्याउन लगाउने | ●विद्यालय वरिपरी रहेका सजीव र निर्जीव वस्तुहरु छुट्याउन लगाउने | १६ |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ● व्यक्तिगत, घर,आँगन, विद्यालय, वरिपरिको सरसफाई गर्न | ●व्यक्तिगत सरसफाई<br>●आफ्नो वरिपरीको सरसफाइ, फोहरमैला व्यवस्थापन शौचालयको प्रयोग | ●व्यक्तिगत सरसफाई गरिरहेका विभिन्न फोटोहरु प्रस्तुत गरी शिक्षकले नमूनाको रुपमा नङ काटेर देखाइ सो अनुसार विद्यार्थीहरुलाई पनि गर्न लगाउने<br>● विद्यालय वरिपरीको वातावरणको अवलोकन गराई सफा वा फोहोर कस्तो छ छुट्याउन लगाउने<br>● फोहर कसीङ्गर व्यवस्थापनको चित्र भिडियो प्रदर्शन, छलफल इत्यादि गराउने<br>● डस्टविनको सही प्रयोग गर्ने तरिका अभ्यास गराउने, शौचालयको उचित प्रयोग गर्ने तरिका सिकाउने | ●विद्यार्थीका क्रियाकलापको अवलोकन गर्ने | |
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | ● स्थानीय चाडपर्वको नाम भन्न<br>● धार्मिक सम्पदाको परिचय दिन | ● स्थानीय चाडपर्वको नाम<br>● धार्मिक सम्पदाको सामान्य परिचय | ● आफ्नो समुदायमा मनाइने चाडपर्वको समबन्धमा सामूहिक छलफल तथा प्रश्नोत्तर गराउने<br>● चित्र,चार्ट,पोस्टर प्रदर्शन गरी धार्मिक सम्पदाको परिचय गराउने | ● समुदायमा मनाइने चाडपर्वको नाम भन्न लगाउने<br>● धार्मिक सम्पदा भनेको के हो ? भन्न लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | ● प्राकृतिक सम्पदाको परिचय दिन<br>● आफ्नो वरिपरि भएका | ● प्राकृतिक सम्पदाको सामान्य परिचय<br>● आफ्नो वरिपरि भएका | ● प्राकृतिक सम्पदाको सूची देखाई छलफल गरी प्रष्ट पार्ने<br>● कक्षा बाहिर ल्याएर वरिपरिको | ● प्राकृतिक सम्पदाको नाम भन्न लगाउने | |

नमुना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्राकृतिक सम्पदाको नाम बताउन | प्राकृतिक सम्पदाको नाम | वातावरणमा भएका प्राकृतिक सम्पदाको पहिचान गर्न लगाउने | | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमान्यता | जातजाति, भाषा,धर्म र रितीरीवाज तथा स्थानीयबाजा | ●आफ्नो समुदायमा मनाइने पर्वहरुमा बजाइने बाजाहरु चिन्न<br>●आफ्नो समुदायमा बोलिने भाषाहरु पहिचान गर्न | ● परम्परागत स्थानीय बाजाहरु<br>●स्थानीय भाषाको पहिचान | ●परम्परागत बाजाहरुको चित्र प्रदर्शन गरि बाजाहरु चिनाउने<br>● विद्यार्थीहरुलाई आ-आफ्नो भाषामा बोल्न लगाई शिक्षकले सूची बनाइ विभिन्न भाषाको पहिचान गराउने | ● चित्र देखाई त्यसमा भएका बाजाहरुको नाम भन्न लगाउने<br>● स्थानीय भाषाहरुको अडियो क्लिप सुनाइ भाषाहरु पहिचान गर्न लगाउने | २० |
| | | आदर सत्कार तथा सामाजिक कुरितिहरु | ● परिचित व्यक्तिसंग अभिवादन गर्न<br>● साथी भाईहरुसंग घुलमिल हुन | ●अभिवादन आदर सत्कार एवम् मेलमिलाप | ● विद्यार्थीहरुलाई अभिनय सहित अभिवादन र परिचय गर्न लगाउने र सोहि अनुसार परिचित व्यक्ति सँग अभिवादन गर्न सिकाउने<br>● आफुभन्दा ठुलालाई सम्मान र बोल्दा प्रयोग गरिने आदरार्थी शब्दहरु प्रयोग गर्न सिकाउने<br>● फरक कक्षाका साथीहरुसंग मिलेर बस्न लगाउने | ● दैनिक व्यवहार अवलोकन गर्ने | |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | स्थानीयस्तरमा भएका तथा हुनसक्ने प्रकोप र विपद | ● घर तथा समाजमा भएका प्रकोप र विपदको पहिचान गर्न<br>● विभिन्न प्रकोप र विपद् बाट बच्ने उपाय बताउन | ●आफ्नो घर तथा समाजमा भएका प्रकोप र विपद ( आगलागी , बाढी, डुवान, भुकम्प आदि )<br><br>● विपद बाट बच्ने उपाय | ●स्थानीय प्रकोप तथा विपद प्रभावित क्षेत्रमा भ्रमण गराई प्रकोप हरुको सूचि बनाउन लगाउने<br>● विभिन्न Video Clip प्रदर्शन गरेर प्रकोप र विपद को असर र बच्ने उपायहरुको बारेमा बताउने । | ● आफ्नो घर तथा छिमेकमा भएका प्रकोप र विपदको नाम भन्न लगाउने ।<br>● भिडियो क्लिप मार्फत विभिन्न किसिमका प्रकोप तथा विपदको पहिचान गर्न लगाउने । | १६ |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ३*

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | ● हाम्रो नगरपालिकाको नाम,वडाहरुको संख्या र वडाकार्यालय रहेको स्थान बताउन<br>● नक्सामा कृष्णपुर नगरपालिका चिन्न | ● हाम्रो नगरपालिकाको नाम,वडाहरुको संख्या र वडाकार्यालय रहेको स्थान<br>● कृष्णपुर नगरपालिका भएको नक्सा | ● हाम्रो नगरपालिकाको नाम , वडाहरुको सख्या र स्थान प्रश्नोत्तर/ छलफल गरी बताउने ।<br>● कञ्चनपुर जिल्लाको राजनितीक नक्सा प्रर्दशन गरी कृष्णपुर नगरपालिका चिन्न लगाउने | ● हाम्रो नगरपालिको नाम र वडाहरुको संख्या सोध्ने<br>● प्रदर्शित नक्सामा कृष्णपुर नगरपालिका चिने नचिनेको अवलोकन गर्ने | २० |
| २ | **स्थानीयपेसा व्यावसाय र प्रविधि** | कृषि | ● तरकारी वालीको परिचय दिन<br>● कृषि कार्यमा प्रयोग हुने उपकरणहरुको नाम बताउन | ●कृषि उत्पादनमा तरकारी वाली (आलु ,सागपात)<br>●कृषि कार्यमा प्रयोग गरिने उपकरण (फडुवा,पावर ट्रिलर ट्याक्टर) | ● कृषिजन्य उत्पादनमा तरकारी वालीका चित्र देखाइ छलफल गराउने<br>● कृषिकार्यमा प्रयोग हुने उपकरणहरुका नाम र काम सम्बन्धी प्रश्नहरु गरी, सो को चित्र देखाइ स्थानीय उपकरणहरुको बारेमा छलफल गराउने | ● तरकारी वालीको परिचय दिन लगाउने<br>● कृषि कार्यका लागि प्रयोग गरिने उपकरणहरुको नाम भन्न लगाउने | ३६ |
| | | व्यापार | ● स्थानीयसमाजमा गरिने पेशाहरुको नाम बताउन<br>● स्थानीयसमाजमा गरिने स साना व्यापारको नाम भन्न | ● स्थानीयसमाजमा गरिने पेशा (कृषि, सिकर्मी,डकर्मी,अटो चालक)<br>● स्थानीयसमाजमा गरिने स साना व्यापारको नाम कृषिउपज | ● मानिसहरुले घर छिमेकमा गरिरहेका पेशा सम्बन्धी प्रश्नोत्तर गरी चित्र प्रर्दशन तथा सूची बनाउन लगाउने<br>●नजिकको बजार क्षेत्रको अवलोकन भ्रमण गराई त्यहा गरिएका व्यापारहरु टिपोट गर्न लगाई कुन | ● स्थानीयसमाजमा गरिने पेशाहरुको नाम भन्न लगाउने<br>● स्थानीयसमाजमा गरिने स साना व्यापारको नाम भन्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | (फलफुल, तरकारी) | व्यापार के सँग सम्बन्धीत छ भन्ने बारेमा बताइदिने । जस्तै: चामल- खाद्यान्न, साइबर- इ व्यवसाय, रङ, सिमेन्ट - हार्डवेयर आदि | | |
| | | पर्यटन | ● स्थानीय स्तरमा रहेका पर्यटकीय स्थलहरुको परिचय दिन | ● स्थानीय स्तरमा रहेका पर्यटकीय स्थलहरु | ●स्थानीय मन्दिर, वनक्षेत्र,स्थानीय पार्क निकुन्ज, आदिको अवलोकन भ्रमण गराई स्थानीय जानकार व्यक्तिहरु सँग सो सम्बन्धमा अन्तरकिया गरी टिपोट तयार गरी प्रस्तुत गर्न लगाउने । | ● विद्यार्थीहरुको प्रस्तुतीका आधारमा मूल्याङ्कन गर्ने । | |
| | | उद्योग | ● स्थानीयक्षेत्रमा सञ्चालित उद्योग बाट उत्पादित वस्तुको नाम भन्न | ● स्थानीयक्षेत्रमा सञ्चालित उद्योग जस्तै : (इटा उद्योग ,पाउरोटी उद्योग) | ●स्थानीय उद्योगको भ्रमण गराइ उत्पादीत वस्तुहरुको सुची तयार पारी प्रस्तुत गर्न लगाउने जस्तै: चिनी उद्योगबाट चिनी, मिलबाट चामल, तेल ) र आवश्यकता अनुसार शिक्षकले सहयोग गर्ने | ● स्थानीय क्षेत्रमा सञ्चालित उद्योग बाट उत्पादित वस्तुको नाम बताउन लगाउने | |
| | | सञ्चार र प्रविधि | ● सञ्चार साधनहरुका फाइदा बताउन | ● सञ्चार साधनहरुका फाइदा | ● सञ्चार साधनहरुका फाइदा सम्बन्धमा विद्यार्थीहरुलाई प्रश्नहरु गरी फाइदाहरु लेखिएको चार्ट प्रदर्शन गरी छलफल गराउने | ● सञ्चारका साधनहरुका फाइदा भन्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | ● खाना र खाजा पकाउँदा भान्साकोठाको सरसफाइमा ध्यान दिनु पर्ने कुराहरु बताउन<br>● बजारबाट किनेको र घरमा उत्पादित फलफूल र साग तरकारी बिच भिन्नता बताउन<br>● दैनिक सरसफाईका गतिविधिहरु भन्न | ● खाना र खाजा पकाउँदा भान्साकोठाको सरसफाइमा ध्यान दिनु पर्ने पक्षहरु<br>● बजारबाट किनेको र घरमा आफैले उत्पादन गरेको फलफूल र साग तरकारी बिच *(आर्थिक, गुणस्तर,उपलब्धता)* भिन्नता | ● भान्साकोठाको सरसफाइ र खाना बनाउँदा ध्यान दिनुपर्ने कुरामा छलफल गराइ बताउने<br>● बजार बाट किनिने र घरमा उपलब्धहुने फलफूल र सागसब्जीका भिन्नताका बारे छलफल गराइ अन्त्यमा *(आर्थिक, गुणस्तर,उपलब्धता)* का आधारमा भिन्नता बताइदिने<br>● दैनिक सरसफाइ गतिविधिहरु | ● भान्सामा खाना तथा खाजा बनाउँदा ध्यान दिनु पर्ने पक्षहरुका बारेमा भन्न लगाउने<br>● बजार बाट किनेको र घरमा उत्पादनहुने फलफूल र सागसब्जीको भिन्नतामा *(आर्थिक, गुणस्तर,उपलब्धता)* जस्ता पक्ष समावेश गरे | २८ |

नमुना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ● तयारी खानाबाट मानिसलाई हुने असर बताउन | ● दैनिक सरसफाईका गतिविधि<br>● तयारी खाना (जङ्क फूड) बाट हुने असर | लेखिएको चार्टद्धारा छलफल गराउने<br>● तयारी खानाका असर बारे प्रश्नोत्तर गरी तयारी खानाका बेफाइदा तथा असरहरु लेखिएको चार्टद्धारा बताइदिने | नगरेको अवलोकन गर्ने<br>● विहान देखि बेलुका सम्म गर्ने गतिविधिका बारेमा भन्न लगाउने<br>● तयारी खानाबाट हुने असरहरु भन्न लगाउने | |
| | | योग व्यायाम र खेलकुद | ● स्थानीय क्षेत्रमा खेलिने खेलहरुको नाम भन्न<br>● कपालभाती प्राणायाम, भूजंङ्गसन,धुब्रासन र बृक्षासन गरेर देखाउन | ● स्थानीय खेल<br>●योग ध्यानको सामान्य आसन र प्राणायाम | ● स्थानीय खेलहरुको नाम टिपोट गर्न लगाइ आफूले खेल्ने खेलहरु भन्न लगाउने<br>● मेरुदण्ड सोझो गरेर बस्न सिकाउने ।<br>● सामान्य आसन ( सुखासन,पद्मासन) मा बसेर देखाइ विद्यार्थीहरुलाई समेत बस्न लगाई कपालभाती प्राणायाम गर्न लगाउने ।<br>● क्रमश : भूजंगासन,धुब्रासन र बृक्षासनको भिडियो क्लिप देखाइ विद्यार्थीहरुलाई समेत गर्न लगाउने । | ● स्थानीय खेलहरुको नाम टिपोट गर्न लगाई नाम भन्न लगाउने<br>● क्रियाकलाप अनुसारको बसाइ ,व्यवहार,प्राणायाम र आसन गरे नगरेको अवलोकन गर्ने | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● स्वच्छ वातावरणको परिचय बताउन<br>● स्वच्छ वातावरणको फाईदाहरु बताउन | ●स्वच्छ वातावरणको परिचय<br>● स्वच्छ वातावरणका फाईदाहरु | ●विद्यालय नजिकैको पार्क/उद्यान/वनको अवलोकन भ्रमण गराई स्वच्छ वातावरणबारे छलफल गरी बताउने<br>● फोहोरमैला भएको र सफा हरीयालीयुक्त ठाउँको फोटो देखाई तिनका भिन्नता सम्बन्धमा अनुभव भन्न लगाउने,<br>● स्वच्छ वातावरणबाट हामीलाई हुने फाईदाहरुको बारेमा प्रश्नोत्तर गरी सो आधारमा सूची बनाई प्रस्तुत | ● स्वच्छ वातावरणको परिचय र फाइदाहरु भन्न लगाउने | १६ |

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गर्ने | | |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ●फोहोरमैलाको प्रकार छुटयाउन | ● फोहरमैलाको प्रकार ( कुहिने र नकुहिने) | ●विद्यालयको चमेना घर कक्षाकोठाहरुको अवलोकन भ्रमण गराई त्यहाँ के के र कस्ता प्रकारका फोहोरहरु निस्कदाँ रहेछन् देखाई सूची बनाई प्रस्तुत गर्ने<br>● कुहिने र नकुहिने फोहोरको परिचय दिई माथी संकलित फोहोरहरुलाई कुहिने र नकुहिने फोहोरमा छुट्याउन सिकाउने<br>●विद्यालयमा वेग्लावेग्लै भाँडो राखी सड्ने नसड्ने फोहोर संकलन गर्न लगाई सड्ने फोहरवाट प्राङ्गारिक मल बनाउन सिकाउने | ● फोहोरको परिचय दिई बिद्यालय बाट निस्कने कुहिने र नकुहिने फोहोरहरु छुट्याउन लगाउने | |
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | ● धार्मिक स्थलमा गरिने कियाकलापहरु बताउन | ● धार्मिक स्थलमा गरिने कियाकलापहरु | ● नजिकको धार्मिक स्थलमा अवलोकन भ्रमण गराइ त्यहाँ गरिने कियाकलापहरुका बारेमा प्रष्ट पारिदिने<br>● आफूले मान्ने धर्मका धार्मीक कियाकलापहरु अभिभावकहरुलाई सोधपुछ गरी कक्षामा टिपोट प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुसार शिक्षकले स्पष्ट गर्ने | ● आफूले मान्ने धर्मका धार्मीक कियाकलापहरु अभिभावकहरुलाई सोधपुछ गरी परियोजना कार्य तयार गर्न लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | ● प्राकृतिक सम्पदाको सूची तयार गर्न<br>● स्थानीय स्तरमा रहेका पानीका स्रोतहरुको नाम बताउन | ● प्राकृतिक सम्पदाको सूची<br>● स्थानीय स्तरमा रहेका पानीका स्रोतहरु | ● प्राकृतिक सम्पदाको बारे प्रश्नोत्तर गरी सूची देखाई स्पष्ट गर्ने<br>● आफूले देखेका पानीका स्रोतहरुको नाम भन्न लगाइ पानीका स्रोतहरुको चित्र, चार्ट, पोस्टर प्रदर्शन गरी स्पष्ट गर्ने | ● प्राकृतिक सम्पदाको सूची तयार गर्न लगाउने<br>● स्थानीय स्तरमा भएका पानीका स्रोतहरुको नाम भन्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमा न्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाजा | • स्थानीय भाषाहरुको सूची बनाउन<br>• आफूले मान्ने धर्मको नाम बताउन | •स्थानीय भाषाहरुको सूची<br>• आफूले मान्ने धर्म | • विद्यार्थीहरुलाई भाषाहरुको सूची बनाउन लगाइ ,चार्ट द्वारा छलफल गराइ स्थानीय भाषाहरुको बारेमा प्रष्ट पार्ने<br>• विद्यार्थीहरुलाई आफूले मान्ने धर्मको नाम भन्न लगाई टिपोट गर्ने | • स्थानीय भाषाहरुको सूची बनाउन लगाउने<br>• धर्महरुका नाम भन्न लगाउने | २८ |
| | | आदर सत्कार तथा सामाजिक कुरितिहरु | •साथी, गुरु र छरछिमेकीसँग घुलमिल हुन र आदर गर्न | • चिनजान गर्न, नमस्कार गर्न, समुहमा मिलेर बस्न , सामाजिक क्रियाकलापमा सहभागि हुन र आफुभन्दा ठूलालाई आदर/ सानालाई माया गर्न | • कक्षामा एक अर्का बीच अभिवादन गर्न लगाउने<br>• स्थानीय समाजसेवीले गरेका राम्रा कामहरु बताई राम्रा कार्यहरु मात्र गर्न प्रेरणा दिने<br>• अभिवादन तथा सम्बन्ध दर्शाउने चित्र तथा कथाहरु प्रस्तुत गर्ने | • आदरार्थी शब्दहरुको प्रयोग गरि वाक्य बनाउन लगाउने<br>• घर परिवारमा भएका व्यक्तिहरुलाई कसरी अभिवादन गर्नु हुन्छ भनि प्रश्न गर्ने | |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गिकरण, बच्ने उपायहरु र व्यवस्थापन | • सडक दुर्घटनाको कारण र सावधानीका उपायहरु बताउन<br>• हावाहुरी र चट्याङको असर र बच्ने उपायहरु बताउन | • सडक दुर्घटनाको परिचय र सावधानीका उपायहरु<br>• हावाहुरी र चट्याङको असर र बच्ने उपायहरु | • सडक दूर्घटनाका कारण र सावधानीका उपायहरुका सम्बन्धमा प्रश्नोत्तर गरी सडक दुर्घटना का चित्र/ Video Clip देखाई सडक दुर्घटना हुने कारण र सावधानीका उपायहरुको बारेमा अन्तरकिया सहित स्पष्ट गरी दिने<br>• हावाहुरी र चट्याङको असर र बच्ने उपायहरुको बारेमा सामान्य परिचय दिइ चार्टका माध्यमबाट | • सडक दुर्घटनाको कारण र सावधानीका उपायहरु बताउन लगाउने<br>• हावाहुरी र चट्याङको असर र बच्ने उपायहरु भन्न लगाउने | १६ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | छलफल गर्न लगाइ निचोड प्रस्तुत गर्ने | | |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ४*

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | ● कृष्णपुर नगरपालिका सँग सिमाना जोडिएका पालिकाहरुको नाम भन्न<br>● कृष्णपुर नगरपालिकाको आकार कोर्न | ● कृष्णपुर नगरपालिकाको सिमानामा रहेका पालिकाहरु<br>● नगरपालिकाको राजनितीक नक्सा | ● नक्साको सहयोगमा कृष्णपुर नगरपालिकाको सिमानामा रहेका पालिकाहरुको नाम सहित चिनाउने<br>● नक्साका आधारमा कार्वन वा ट्रेसिङबाट कृष्णपुरको नक्सा कोर्न सिकाउने | ●कृष्णपुर नगरपालिका सँग सिमाना जोडिएका पालिकाहरुको नाम भन्न लगाउने<br>● विद्यार्थीले तयार गरेको नक्सा उपयुक्त भए नभएको हेर्ने | १६ |
| २ | **स्थानीयपेसा व्यावसाय र प्रविधि** | कृषि | ● कृषि उत्पादनका फाइदाहरु भन्न | ● कृषि उत्पादनका फाइदा | ● कृषि उत्पादनबाट हामीलाई हुने फाईदाहरुको सूची तयार गर्न लगाउने<br>● चार्ट देखाइ कृषि उत्पादनको सामान्य फाइदाहरुको बारेमा समुहगत छलफल गरी स्पष्ट गर्ने | ●कृषि उत्पादनका फाइदाहरु भन्न लगाउने | २० |
| | | व्यापार | ● व्यापारको परिचय दिन | ● व्यापारको परिचय | ●स्थानीय बजारको अवलोकन भ्रमण गराई त्यहाँ भएका व्यपारिक कियाकलापहरुको वर्गीकरण गर्न लगाउने र तिनीहरुको छोटो परिचय दिई रिपोट लेख्न लगाउने | ● स्थानीयबजारमा गरिने व्यापारको परिचय दिन लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पर्यटन | • स्थानीय स्तरमा भएका पर्यटकीय स्थलको बर्गिकरण गर्न | • पर्यटकीय क्षेत्रहरुको वर्गिकरण (धार्मिक, साँस्कृतिक, ऐतिहासिक, मनोरञ्जनात्मक) | • स्थानीय क्षेत्रमा भएका पर्यटकीयक्षेत्रहरुको फोटो/चित्रहरु प्रदर्शन गरी सूची बनाउन लगाउने । विशेषताहरुको आधारमा समूहीकरण गर्न लगाई आवश्यकता अनुसार सहजिकरण गर्ने । | • विद्यार्थीहरुले बनाएको सूची तथा समूहीकरण गरे नगरेको अवलोकन गर्ने | |
| | | उद्योग | •स्थानीय स्तरमा भएका उद्योगहरुको परिचय दिन | •उद्योगको परिचय | • स्थानीय स्तरमा रहेका उद्योगहरुका बारेमा प्रश्नहरु गरी उनीहरुका अनुभव सुनाउन लगाउने र आवश्यकता अनुसार परिचय दिइ प्रकृति र सेवाका आधारमा स्थानीय स्तरमा रहेका विभिन्न किसिमका उद्योगको बारेमा प्रस्ट्याउने | • उद्योगको परिचय दिन लगाउने<br>•उत्पादन र सेवाका आधारमा स्थानीय उद्योगहरुको सूची तयार गर्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | • स्वस्थकर खानाको महत्व बताउन<br>• फलफूल र सागसब्जी प्रयोग गर्दा शरीरलाई हुने फाइदा भन्न<br>• दूग्ध परिकार र यसका फाइदाहरु बताउन<br>• अस्वस्थकर खानाको परिचय दिन | • स्वस्थकर खानाको महत्व<br>• फलफूल र सागसब्जी प्रयोग गर्दा शरीरलाई हुने फाइदा<br>• दूग्ध परिकारको परिचय र फाइदाहरु<br>• अस्वस्थकर खानाको परिचय | • स्वस्थ्यकर खाजा बाट हाम्रो स्वास्थ्यमा पर्ने सकारात्मक फाइदाहरु भन्न लगाइ चार्ट मार्फत छलफल गराइ प्रष्ट पार्ने<br>• फलफूल र सागसब्जी प्रयोग गर्दा हाम्रो शरीरलाई हुने फाइदाहरुको सूची तयार गर्न लगाई शिक्षकले सहजिकरण गर्ने<br>• दुग्ध परिकारको परिचय र फाइदाहरुका सम्बन्धमा टिपोट गर्न लगाइ चार्ट मार्फत दूग्ध परिकारको परिचय र प्रयोगले हुने फाइदाहरु बताइदिने<br>• अस्वस्थ्यकर खानाको बारेमा | •स्वस्थकर खानाका फाइदाहरु भन्न लगाउने<br>• फलफूल र सागसब्जी प्रयोगले शरीरलाई हुने फाइदाहरु बताउन लगाउने<br>• दूग्ध परिकारको फाइदाहरु लेख्न लगाउने<br>•अस्वस्थकर खानाको बारेमा प्रश्नहरु सोध्ने | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रश्नोत्तर तथा चार्ट प्रदर्शन गरी छलफल गराउने | | |
| | | योग व्यायाम र खेलकुद | ●स्थानीय कुनै ४ खेलहरु खेल्ने तरिका बताउन<br>● भ्रामरी र ॐ उच्चारण गर्न<br>● सर्बाङ्गसन आसन गर्न<br>● आफ्नो वरिपरिका विरुवाहरुको औषधिय गुण बताउन | ●स्थानीय खेलहरु खेल्ने तरिका बताउन ( गट्टा,रुमाल चोर,मुसो बिरालो,राजा कबड्डी)<br>● योग तथा ध्यानको परिचय र बाल आसन सम्बन्धी जानकारी<br>● विरुवाहरुको औषधिय गुण ( तुलसी,पुदिना,नीम,बेलपत्र ) | ● स्थानीय खेल खेलाइ खेल्ने तरिका बताउने<br>● विद्यार्थीहरुलाई कुनै पनि आसनमा बसाई भ्रामरी र ॐ जप शिक्षक आफैले गरेर वा भिडियो क्लिप द्वारा सिकाउने<br>● विद्यालय चौर मा विद्यार्थीहरुको बसाई व्यवस्थापन गरी शिक्षकले आफूले सर्बाङ्ग आसन गरेर देखाइ सँगसँगै विद्यार्थहिरुलाई अभ्यास गराउने<br>● औषधिय गुण भएका विरुवाहरु संकलन गर्न लगाइ तिनीहरुको औषधिय गुण समेत बताइदिने | ● स्थानीय खेल खेल्न लगाइ अवलोकन गर्ने<br>● क्रियाकलाप अनुसारको प्राणायाम र आसनहरु गरे नगरेको अवलोकन गर्ने ।<br>● औषधिय गुण भएका विरुवाहरुको औषधिय गुणहरु भन्न लगाउने | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ●वातावरणको तत्वहरु ( जैविक र अजैबिक ) छुट्याउन | ●वातावरणमा भएका जैविक अजैविक तत्वहरु | ● विद्यार्थीहरुलाई कक्षाकोठा बाहिर लगी जैविक र अजैविक तत्वहरुको अवलोकन गराइ सूची तयार पार्न लगाई फरक सहित छुट्याइ प्रस्तुत गर्न लगाइ आवश्यकताअनुसार सहजिकरण गर्ने | ●आफ्नो घर वरिपरी भएका वतावरणका जैविक र अजैविक तत्वहरुको नाम संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने | १६ |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ● स्थानीय वातावरण प्रदुषणको परिचय दिन<br>●फोहोरमैलाको वर्गिकरण गर्न | ●स्थानीयवातावरण प्रदुषण<br>● फोहोरमैलाको वर्गिकरण (ठोस तरल ) | ● वातावरण प्रदुषण भएको चित्र /पोस्टर देखाइ वातावरण प्रदुषणको परिचय दिने<br>●विद्यालय कम्पाउण्ड, क्यान्टीन वा विद्यालय वरपरको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका ठोस र तरल | ● घर/ भान्सा / कक्षाकोठा बाट निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाइ त्यसको व्यवस्थापनबारे प्रश्नहरु सोध्ने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | फोहोरहरु टिपोट गर्न लगाइ उक्त फोहोरहरुलाई छुट्याउन लगाउने<br>● फोहरमैला बर्गिकरण सूची प्रदर्शन गरी छलफल गर्ने/ गराउने र आवश्यकता अनुसार स्पष्ट गर्ने | | |
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | ● धार्मिक सम्पदा संरक्षणको आवश्यकता बताउन<br>● धार्मिक सम्पदाको संरक्षण गर्ने तरिका बताउन | ● धार्मिक सम्पदा संरक्षणको आवश्यकता<br>● धार्मिक सम्पदाको संरक्षणका तरिका | ● धार्मिक सम्पदा संरक्षणको आवश्यकता सम्बन्धमा छलफल गराइ निष्कर्ष प्रस्तुत गर्ने<br>● संरक्षित र जिर्ण धार्मिक सम्पदाको पोस्टर प्रदर्शन गरी ती दुई बीच तुलना गर्नका साथै विद्यार्थीहरुको अनुभवका आधारमा छलफल गरी संरक्षणका तरिका बारे प्रष्ट पार्ने | ● धार्मिक सम्पदा संरक्षणको आवश्यकता र संरक्षण गर्ने तरिका बताउन लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | ● प्राकृतिक सम्पदाको फाइदा बताउन | ● प्राकृतिक सम्पदाको फाइदा | ● प्राकृतिक सम्पदाले मानिसलाई पुऱ्याएको फाइदा बारे प्रश्नोत्तर गरी चार्ट देखाइ स्पष्ट पारिदिने | ● प्राकृतिक सम्पदाको फाइदा बताउन लगाउने | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमा न्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाजा | ● स्थानीय चाडपर्वहरुको नाम बताउन<br>● स्थानीय परम्परागत बाजाको महत्व बताउन | ●स्थानीय चाडपर्वहरुको नाम ( गौरा,भेटौलो/त्यारमाँडो/ अट्वारी,माघी,राना तीज,होरी,पुस पन्ध,भूवा ) ईत्यादी<br>● परम्परागत बाजाहरुको महत्व | ● स्थानीय चाडपर्वको नाम भन्न लगाइ टिपोट गरी छलफल गरी समुदाय अनुसार मनाइने चाडपर्वको नाम प्रष्ट पारी दिने<br>● स्थानीय क्षेत्रमा उपलब्ध बाजाहरुको फोटो वा प्रत्यक्ष बाजा देखाई तिनिहरुको परिचय र महत्वबारे बताईदिने | ● स्थानीय चाडपर्वहरुको नाम बताउन लगाउने<br>● स्थानीय परम्परागत बाजाको महत्वहरुको सूची बनाउन लगाउने | २० |
| | | आदर सत्कार तथा | ● सामाजिक कुरीतिहरु पहिचान गर्न | ● समाजिक कुरीतिहरु | ● सामाजिक कुरितिहरुको बारेमा प्रश्नहरु गरी चार्ट पेपर मार्फत कुरीतिहरुको बारेमा छलफल गरी | ●घर समाजमा हुने सामाजिक कुरितिहरुको नाम भन्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सामाजिक कुरितिहरु | | | प्रष्ट पारी दिने | | |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गिकरण, बच्ने उपायहरु र व्यवस्थापन | ● करेन्ट लाग्नुका कारण, असर र बच्ने उपायहरु बताउन<br>● सर्पको टोकाईका परिचय, असर र बच्ने उपायहरु बताउन | ● करेन्ट लाग्नुका कारण, असर र बच्ने उपायहरु<br>● सर्पको टोकाईका परिचय, असर र बच्ने उपायहरु | ● कक्षालाई समूहिकरण गरी फरक फरक विषयवस्तु (करेन्ट लाग्नुका कारण, असर र बच्ने उपायहरु) दिइ समूहगत कार्य बाट टिपोट गर्न लगाइ प्रस्तुत गर्न लगाउने र छलफल बाट स्पष्ट गरी दिने<br>● कक्षालाई समूहिकरण गरी फरक फरक विषयवस्तु (सर्पको टोकाइका कारण, असर र बच्ने उपायहरु) दिइ समूहगत कार्य बाट टिपोट गर्न लगाइ प्रस्तुत गर्न लगाउने र छलफल बाट स्पष्ट गरी दिने | ● टिपोट तथा प्रस्तुतीका आधारमा मूल्याङ्कन गर्ने | १२ |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ५*

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | हामी र हाम्रो नगर | *हाम्रो नगर* | ● नगरपालिकामा रहेका प्रमुख गाउँ वस्तीहरुको नाम बताउन<br>● नगरपालिकामा रहेका प्रमुख नदि र वनजङ्गलहरुका नाम बताउन<br>● नगरपालिकाका प्रमुख,उपप्रमुख र आफू बसेको वडाको अध्यक्षको नाम भन्न | ● पालिकामा रहेका प्रमुख गाउँ वस्तीहरु<br>● पालिकामा रहेका प्रमुख नदि र वनजङ्गल<br>● नगरपालिकाका प्रमुख,उपप्रमुख र आफू बसेको वडाको अध्यक्ष | ● प्रमुख गाउँ वस्तीका नामहरु लेखिएको चार्टमार्फत सहजिकरण गरी बताउने<br>● आफ्नो वरपर रहेका प्रमुख नदि र वनजङ्गलहरुका नाम भन्न लगाई सूची बनाउने र सूची चार्ट प्रदर्शन गरी सबै नदिनालाहरु र वनजङ्गलका नाम बताउन<br>● नगरपालिकाको निर्वाचित जनप्रतिनिधिहरुको नाम सोध्ने र नामावली चार्ट प्रदर्शन गरी प्रमुख, उपप्रमुख र आफ्नो वडाको वडा अध्यक्षको नाम बताउने | ● विद्यार्थीले पालिकामा रहेका प्रमुख वस्तीहरुको नाम भन्न सके नसकेको अवलोकन गर्ने<br>● पालिकाका प्रमुख नदि र वनजङ्गलहरुको नाम भन्न लगाउने<br>● विद्यार्थीलाई पालिकाको प्रमुख उपप्रमुख र आफ्नो वडा अध्यक्षको नाम सोध्ने | १६ |
| २ | स्थानीयपेसा व्यावसाय र प्रविधि | कृषि | ● कृषि उत्पादनका क्षेत्रहरु बताउन | ● कृषि उत्पादनका क्षेत्रहरु (तरकारी खेति,पशुपालन, कुखुरापालन, बगर खेति ,मत्स्यपालन,केराखेति,फूलवारी) | ●कृषि उत्पादन गर्ने बिभिन्न क्षेत्र प्रस्ट पार्न सम्भव हुने स्थानमा अवलोकन भ्रमण गराउने<br>●स्थानीय स्रोत व्याक्तिहरु सँग ( तरकारी खेति,पशुपालन, कुखुरापालन, बगर खेति ,मत्स्यपालन,केराखेति,फूलवारी) का बारेमा छलफल गराउने<br>●विद्यालयको खाली क्षेत्रमा तरकारी र फूलबारी बनाउन लगाउने | ● कृषि उत्पादनका क्षेत्रहरु भन्न लगाउने | २० |
| | | व्यापार | ● व्यापारका फाइदाहरु बताउन | ● व्यापारका फाइदाहरु | ● पसल व्यवसाय बाट हुने फाइदाहरुका बारेमा छलफल गराउने<br>● स्थानीय व्यवसायीसँग सम्बन्धित व्यापारका फाइदा बेफाईदाबारे अन्तरक्रिया गर्न लगाई सुचि तयार गरी कक्षामा प्रस्तुत गराउने | ●व्यापारका फाइदा बेफाईदाको सूची तयार गर्न लगाउने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पर्यटन | ● पर्यटकीय क्षेत्रहरुको पहिचान गर्न | ● पर्यटकीयक्षेत्रहरु | ● कृष्णपुरको नक्सा अवलोकन गराई पर्यटकीय क्षेत्रहरुको अवस्थितिका बारेमा छलफल गरी स्पष्ट गर्ने<br>● आफ्नो वरपर रहेका पर्यटकीय स्थलका बारेमा अभिभावक/जानकार व्यक्ति सँग सोधपुछ गरी टिपोट तयार गर्न लगाइ प्रस्तुत गराउने | ●स्थानीय पर्यटकीय क्षेत्रहरुको नाम, अवस्थिति भन्न लगाउने | |
| | | उद्योग | ● उद्योगका फाइदाहरु बताउन | ●उद्योगका फाइदाहरु (सामान्य) | ● स्थानीय उद्योगको अवलोकन भ्रमण गराई त्यसबाट समुदायमा पुगेका फाईदाहरुको बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने | ●उद्योगका फाइदाहरु भन्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | ● स्थानीय परम्परागत परिकारहरुको नाम भन्न<br>● घरमा उत्पादन हुने फलफूल र सागसब्जी उत्पादनको तरिका बताउन<br>● शाकाहार र मांशाहारको परिचय दिन<br>● आफ्नो दिनचर्या मध्ये असल बानीहरुको सूची बनाउन | ● स्थानीय परम्परागत परिकारहरु (बटुक,माडा,निसासे,लावन, ढिकी,फूलौरी,मिसौला,पतौला) आदि<br>● फलफूल र सागसब्जी उत्पादनको तरिका<br>● शाकाहार र मांशाहारको परिचय<br>● असल बानीहरु | ● विद्यार्थीहरुलाई आफ्नो परिवारमा पाक्ने परम्परागत परिकारहरुका सम्बन्धमा प्रश्नोत्तर र छलफल गरी सूची तयार गर्न लगाउने<br>● मौसम अनुसार उत्पादन हुने फलफूल र सागसब्जी उत्पादनको तरिकाका सम्बन्धमा भिडियो क्लिप तथा छलफल मार्फत प्रष्ट पार्ने<br>● खाने खानाका आधारमा शाकाहार र मांसाहारको सम्बन्धमा छलफल गराइ विद्यार्थीहरुलाई आफू कुन समूहमा पर्छौं भनि छुट्याउन लगाउने<br>● असल बानीहरुको सूची बाट आफ्ना असल बानीहरु टिपोट गर्न लगाउने । | ● स्थानीय परम्परागत परिकारहरुको नाम भन्न लगाउने<br>● घरमा उत्पादन हुने फलफूल र सागसब्जी उत्पादनको तरिका बताउन लगाउने<br>● शाकाहार र मांशाहारको परिचय भन्न लगाउने<br>● आफ्नो दिनचर्या मध्ये असल बानीहरु बताउनुहोस् | २८ |
| | | योग व्यायाम र खेलकुद | ●स्थानीय खेलहरुको महत्व बताउन<br>● योग ध्यानको अभ्यास (भ्रस्तिका, | ● स्थानीय क्षेत्रमा खेलिने खेलको महत्व<br>● योग ध्यानको अभ्यास (भ्रस्तिका,कपालभाति, | ● विद्यार्थीहरुलाई खेलको महत्व लेखिएको चार्ट द्वारा छलफलमा सहभागि गराई स्थानीय खेलहरुको महत्व र हाम्रो स्वास्थ्यमा पुऱ्याउने | ● स्थानीय खेलका महत्वहरु भन्न लगाउने<br>● योग आसनहरु गर्न सके नसकेको अवलोकन गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कपालभाति, अनुलोमविलोम, शिथिलिकरण,ग्रीवाचालन ,पादहस्तासन,त्रीकोणास न,अर्ध चन्द्रासन )को अभ्यास गर्न<br>● औषधिय गुण भएका मसलाहरुको नाम भन्न | अनुलोमविलोम, शिथिलिकरण,ग्रीवाचालन, पादहस्तासन,त्रीकोणासन, अर्ध चन्द्रासन )<br>●औषधिय गुण भएका मसलाहरु (हल्दी, टिमुर, अदुवा,मेथी,दालचिनी, ज्वानो,मरिच ,इत्यादी ) | योगदानका बारेमा जानकारी गराउने<br>● विद्यार्थीहरुलाई उपयुक्त आसनमा बस्न लगाई पोस्टर,भिडियो क्लिप वा शिक्षक आफैले आसनहरु गरेर सँग सँगै विद्यार्थीहरुलाई गर्न लगाउने<br>● हामीले घरमा प्रयोग गर्ने मसलाक बारेमा प्रश्नहरु गरी टिपोट गर्न लगाउने र औषधिय गुण भएका मसलाहरुको सुची मार्फत सहजिकरण गर्ने | ● औषधिय गुणहरु भएका मसलाहरुको नाम भन्न लगाउने | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● स्थानीय वातावरण प्रदुषणका प्रकारहरु ( जल, वायु,ध्वनि,माटो) छुट्याउन<br>● वायु, प्रदूषणका कारण, असर र रोकथामका उपायहरु वताउन | ●स्थानीय प्रदूषणका प्रकारहरु (वायु, जल, जमीन र ध्वनी प्रदूषण)<br>●वायु प्रदूषणका असर, कारण र रोकथामका उपायहरु | ● प्रदूषणको सामान्य छलफल गरि नजिकका प्रदुषणयुक्त क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका प्रदूषणहरु टिपोट गर्न लगाइ समूहगत छलफल गर्न लगाइ निश्कर्ष बताइदिने<br>● प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ वायु प्रदुषण कारण, असर र रोकथामका उपायहरु वारे छलफल गरि निचोड वताइदिने | ● स्थानीय वातावरण प्रदूषणका प्रकार र वायु प्रदूषणको अवस्थाका बारेमा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने | १६ |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ● फोहोर मैलाको असर बताउन | ●फोहोर मैलाका असर ( घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदुषण ) | ● नजिकैको फोहोर फ्ँयाकिएको ठाउँको अवलोकन गराइ त्यहाँको अवस्था टिपोट गरी फोहरमैला बाट हुनसक्ने असर सम्बन्धमा छलफल गरी आवश्यकता अनुसार सहजिकरण गर्ने | ● फोहोरका कारण मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरहरुको सूची बनाउन लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | • समुदाय विशेषले मनाउने चाडपर्वको बारेमा भन्न<br>• धार्मिक स्थलको बनावट बारे बताउन | • समुदाय विशेषले मनाउने चाडपर्व<br>• धार्मिक स्थल ( मन्दिर,भूइँया,थनुवा र चर्च) को बनावट | • विभिन्न समुदायले मनाउने चाडपर्वहरुका बारेमा प्रश्नोत्तर गरी टिपोट गर्ने, स्थानीय तहमा मनाउने चाडपर्व र समुदायहरुको नामावली चार्ट देखाई मनाउने तरिका सहित स्पष्ट गरिदिने<br>• विद्यार्थीहरुलाई कुनै धार्मिक स्थलको चित्र कोरी प्रदर्शन गर्न लगाउने साथै शिक्षकबाट संकलित धार्मिक स्थलको चित्र चार्ट देखाई बनावटको बारेमा स्पष्ट गर्ने | • समुदाय विशेषले मनाउने चाडपर्वको नाम र मनाउने तरिका भन्न लगाउने<br>• कुनै एक धार्मिक स्थलको चित्र कोर्न लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | • प्राकृतिक सम्पदाको संरक्षणका उपायहरु बताउन | • प्राकृतिक सम्पदाको संरक्षणका उपाय | • प्राकृतिक सम्पदाका विभिन्न चित्र,चार्ट अवलोकन गरि संरक्षणका उपायहरुमा समेत छलफल गर्ने<br>• संरक्षण गर्ने तरिका लेखेको पोष्टर देखाई स्पष्ट गर्ने | • प्राकृतिक सम्पदाको संरक्षणका उपायहरु बताउन लगाउने | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमान्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाजा | • मातृभाषाहरु संरक्षणको आवश्यकता बताउन<br>• संस्कारहरुको परिचय दिन | • भाषा संरक्षणको आवश्यकता<br>• संस्कारहरुको परिचय (जन्म,विवाह र मृत्यु ) | • मातृभाषाको बारेमा विद्यार्थीहरुलाई प्रश्नहरु गरी मातृभाषा संरक्षणको आवश्यकता बारे चार्ट मार्फत छलफल चलाइ प्रष्ट गर्ने<br>• जातजाति अनुसार ( जन्म,विवाह र मृत्यु ) मा गरिने संस्कार बारे छलफल गरि बताइदिने | • मातृभाषाहरु संरक्षणको आवश्यकता बताउन लगाउने<br>• संस्कारहरु ( जन्म,विवाह र मृत्यु ) को बारेमा प्रश्नहरु गर्ने | २० |
| | | सामाजिक कुरीतिहरु | • सामाजिक कुरीतिका कारणहरु बताउन | • सामाजिक कुरीतिका कारणहरु ( गरिवी, अशिक्षा,रुढीबादिता,अन्धविश्वास,परम्परागत सोच,देखासिखी,साथी संगत इत्यादि ) | • घर समाजमा हुने सामाजिक कुरितिका कारणहरुको बारेमा छलफल गरि चार्ट प्रदर्शन गरी स्पष्ट पार्ने | • सामाजिक कुरीतिका कारणहरु लेख्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गिकरण, बच्ने उपायहरु र व्यवस्थापन | ● विपद्का प्रकार बताउन<br>● मानविय विपद्का कारण र न्यूनीकरणका उपायहरु बताउन | ● विपद्का कारणहरु बताउन (प्राकृतिक र मानवीय )<br>● मानविय विपद्का कारण र न्यूनीकरणका उपायहरु | ● विपद्हरुको नाम भन्न लगाई टिपोट गरी प्राकृतिक र मानविय विपद् छुट्याइ दिने<br>● मानविय कारणले हुने विपदहरु सम्बन्धमा स्थानीय मानिसहरुसँग देखे,सुने र भोगेको आधारमा अन्तरक्रिया गराई प्राप्त निष्कर्ष बाट सूची बनाइ मानविय विपद्का कारण र न्यूनीकरणका उपायहरु छलफल द्वारा स्पष्ट गर्ने | ● विपद्का प्रकार छुट्याउन लगाउने<br>● मानविय विपद्का कारण र न्यूनीकरणका उपायहरु लेख्न लगाउने | १२ |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ६*

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | **हामी र हाम्रो नगर** | *हाम्रो नगर* | ● कृष्णपुर नगरपालिकाको संरचना बताउन<br>● नगरपालिकाको प्रमुख/उपप्रमुख र वडा अध्यक्ष/सदस्य छनौट प्रकृया बताउन | ● कृष्णपुर नगरपालिकाको संरचना ( नगर सभा,नगर कार्यपालिका)<br>● स्थानीय तहको निर्वाचन प्रकृया | ● कृष्णपुर नगर सभा र नगर कार्यकालिकाको संरचना चार्ट प्रदर्शन गरी बताईदिने<br>● नमूना निर्वाचन गराई जनप्रतिनिधिहरुको छनौट प्रकृया बताईदिने | ● नगर सभा र नगर कार्यपालिका सम्बन्धी प्रश्नहरु गर्ने<br>● निर्वाचन प्रकृयाबाट जनप्रतिनिधिहरु नगर,वडामा के कति र कसरी छनौट हुन्छन प्रश्न गर्ने | १६ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | स्थानीयपेसा व्यावसाय र प्रविधि | कृषि | ● निर्वाह र व्यावसायिक कृषिको परिचय दिन | ● निर्वाह र व्यावसायिक कृषि | ●कृषि व्यावसाय गरिने स्थानमा विद्यार्थीहरुलाई अवलोकन गराई, कृषकहरु सँग निर्वाह तथा व्यवसायिक कृषिको बारेमा सोधपुछ गरी सामूहिक छलफल गराई निर्वाह वा व्यावसायिक कृषिको बारेमा टिपोट सहित प्रस्तुतिकरण गर्न लगाउने र आवश्यकता अनुसार शिक्षकले सहयोग गर्ने | ● विद्यार्थीहरुको टिपोट प्रस्तुतिकरणको आधारमा पृष्ठपोषण दिने | २० |
| | | व्यापार | ● हाट बजारको परिचय दिन | ● हाट बजार ( | ● हाट बजारको परिचय र हाट बजार बाट हुने फाइदाहरुका सम्बन्धमा प्रश्नोत्तर गरी छलफल गराई बुँदागत रुपमा बताईदिने ●स्थानीय हाट बजार व्यवसायीसँग हाट बजारका फाइदा बेफाईदाबारे छलफल गर्न लगाई निष्कर्ष दिने | ● हाट बजारको परिचय दिइ फाइदा र बेफाइदा भन्न लगाउने | |
| | | पर्यटन | ● पर्यटकीय क्षेत्रहरुको महत्व बताउन | ● पर्यटकीय क्षेत्रको महत्व | ● पर्यटकीय क्षेत्रहरुको समूहिकरण सूची बनाउन लगाइ सो क्षेत्रको महत्वको बारेमा छलफल गराउने र आवश्यकता अनुसार शिक्षकले सहजिकरण गर्ने | ● स्थानीय कुनै एक पर्यटकीय क्षेत्रको महत्वको बारेमा जानकार व्यक्तिसँग सोधपुछ समेत गरी प्रतिवेदन तयार गर्न लगाउने | |
| | | उद्योग | ● उद्योगको महत्व बताउन | ● उद्योगको महत्व (घरेलु तथा साना, मझौला र ठूला उद्योग) | ● स्थानीय उद्योगीलाई स्रोत शिक्षकका रुपमा आमन्त्रण गरी उद्योगको महत्वका सम्बन्धमा आफ्ना अनुभवहरु प्रस्तुत गर्न लगाइ आवश्यकता अनुसार शिक्षकले उद्योगको प्रकार र महत्व बारे प्रस्ट पार्ने | ● स्थानीय क्षेत्रमा भएका उद्योगहरुको प्रकार र महत्व बारे प्रश्न गर्ने | |
| ३ | | स्वस्थ्य | ● सन्तुलित भोजनको परिचय दिन | ● सन्तुलित भोजन र यसका तत्वहरु | ● घरमा खाइने खानाको बारेमा प्रश्न गर्दै सन्तुलित भोजनको परिचय | ● सन्तुलित भोजनको परिचय दिन लगाउने | २८ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हाम्रो स्वास्थ्य आहार र खेलकुद | जीवनशैली र आहार | ● सन्तुलित भोजनमा रहेका तत्वहरुको नाम भन्न<br>● मिसावट युक्त खानेकुराको परिचय दिन<br>● उपभोक्ता स्वास्थ्यको परिचय दिन | ● मिसावट युक्त खानेकुरा<br>● उपभोक्ता स्वास्थ्य | दिने र उक्त खानाहरु बाट पाइने तत्वहरुका बारेमा छलफल चलाइ चार्ट द्वारा प्रष्ट पार्ने<br>● मिसावट युक्त खानेकुराको चार्ट देखाई खानेकुरामा हुने मिसावटका बारेमा छलफल गरी स्पष्ट पार्ने<br>● उपभोक्ता स्वास्थ्यको परिचय लेखिएको चार्ट द्वारा उपभोक्ता स्वास्थ्यका बारेमा बताउने | ● मिसावट युक्त खानेकुराको परिचय लेख्न लगाउने<br>● उपभोक्ता स्वास्थ्य को बारेमा प्रश्न सोध्ने । | |
| | | योग, व्यायाम र खेलकुद | ● स्वस्थ रहनका लागि खेलको आवश्यकता बताउन<br>●सूर्य नमस्कार, सेतुबन्धासन,गौमुखासन) गर्न<br>● औषधिय गुण भएका विरुवाहरुको विशेषताहरु पहिचान गर्न | ● स्वस्थ रहनका लागि खेलको आवश्यकता<br>● योगकाकिया सूर्य नमस्कार, सेतुबन्धासन,गौमुखासन)<br>● औषधिय गुण भएका विरुवाहरुको विशेषता ( अमला, हर्रो,बर्रो, नीम,बेल,विजयसाल,जामुन) | ● स्वास्थ्य रहनका लागि खेलकुदको महत्वका बारेमा प्रश्नोत्तर तथा छलफल गरी सूची मार्फत खेलको आवश्यकता बताइदिने<br>● भिडियो क्लिप वा पोस्टर बाट सूर्यनमस्कार, सेतुबन्धासन र गौमुखासनको अभ्यास गराउने<br>● स्थानीय, औषधियुक्त गुण भएका विरुवाहरुको सूची वा चित्र द्वारा, सामान्य औषधिय गुण सहित विरुवाहरुको बारेमा बताउने र घर वरिपरिका औषधिजन्य विरुवाका बारेमा आफ्नो अभिभावकको सहयोगमा परिचय र विशेषता समेटिएको प्रतिवेदन तयार गर्न लगाउने | ● हाम्रो जीवनमा खेलकुदको महत्वहरु के के रहेका छन्<br>● योगका क्रियाकलापहरु गरे नगरेको अवलोकन गर्ने<br>● औषधिय गुणहरु भएका विरुवाहरुको विशेषताहरु भन्न लगाई उपलब्ध भए सम्म संकलन गर्न लगाउने | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● जल प्रदूषणका कारण, असर र रोकथामका उपायहरु वताउन<br>● स्थानीय वातावरण सँरक्षणमा बिद्यार्थीको भूमिका बताउन | ● जल प्रदूषणका कारण, असर र रोकथामका उपायहरु<br>● स्थानीय वातावरण सँरक्षणमा बिद्यार्थीको भूमिका | ● प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ जल प्रदुषणका कारण, असर र रोकथामका उपायहरु वारे छलफल गरि निचोड वताइदिने<br>● शिक्षकको सहयोगमा वातावरण सँरक्षण सम्बन्धि पोस्टर तयार गरी | ● जल प्रदुषणको अवस्थाका बारेमा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने<br>●वातावरण सँरक्षणमा | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | नजिकको सार्वजनिक स्थलमा टाँस्न लगाई वातावरण सँरक्षणमा बिद्यार्थीको भूमिका सम्बन्धमा आवश्यक छलफल गरी चार्ट मार्फत प्रस्ट पार्ने | बिद्यार्थीको भुमिका सम्बधमा वक्तृत्व कला प्रस्तुत गर्न लगाउने | |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | • फोहोरमैला व्यवस्थापनको परिचय दिन | •फोहर मैलाको व्यवस्थापन ( कम गर्ने, पुनः प्रयोग, प्रशोधन गर्ने ) | •फोहोर व्यवस्थापनको तरिकाहरुबारे भिडीयो क्लिप प्रस्तुत गरी कक्षाकोठा/विद्यालयको फोहरलाई व्यवस्थापन गर्न लगाउने<br>• ठोस फोहोर र कागजहरूको पुन प्रयोग गरेर सजावट, फोटो फ्रेम लगायत विभिन्न सामग्रीहरूको निर्माण गर्न सिकाउने | • आफ्नो घरबाट निस्कने फोहोरहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्न लगाउने | |
| | | धार्मिक सम्पदा | • धार्मिक सम्पदा संरक्षणमा परिवारको भूमिका बताउन | • धार्मिक सम्पदा संरक्षणमा परिवारको भूमिका | • धार्मिक सम्पदा संरक्षण गरेका विभिन्न चित्र,चार्ट देखाई छलफल गराउने<br>परिवारको भूमिका स्पष्ट गर्ने | • तपाईको परिवारले स्थानीय धार्मिक सम्पदाको संरक्षणमा गरेका कार्यहरुको सूची बनाउनुहोस् | |
| ५ | हाम्रो सम्पदा | साँस्कृतिक सम्पदा | • परम्परागत र आधुनिक पहिरन बिच भिन्नता छुट्याउन | • परम्परागत र आधुनिक पहिरन बिच भिन्नता | • परिवारका सदस्यहरुले लगाउने परम्परागत पहिरन र गरगहनाको नाम संकलन गरेर ल्याउन लगाउने<br>• समूहमा विभाजन गरी संकलित परम्परागत र आधुनिक पहिरन तथा गरगहनाको बिच भएका भिन्नता बारे छलफल गरी छुट्याउन लगाउने र आवश्यकता अनुसार सहयोग गर्ने | • परम्परागत र आधुनिक पहिरन बिच भिन्नता छुट्याई तालिकामा देखाउन लगाउने | १६ |
| | | प्राकृतिक सम्पदा | • स्थानीय प्राकृतिक सम्पदाको संरक्षण गर्न विद्यार्थीहरुको भूमिका बताउन | • स्थानीय प्राकृतिक सम्पदा संरक्षणमा हाम्रो भूमिका : उचित ढङ्गबाट खेति गर्नु, | • जथाभावी खेति गर्दा,मनपरी ढङ्गबाट बोटविरुवा फडानी गर्दा अनावश्यक मात्रामा बालीमा रासायनिक मल हाल्दा के कस्ता | • प्राकृतिक वातावरण संरक्षणमा विद्यार्थीको भूमिकाहरु लेख्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | तटबन्ध गर्नु,वृक्षारोपण गर्नु,वन्यजन्तुको सिकार, आगो लगाउन रोक लगाउनु,पानीको स्रोतको जगेर्ना गर्नु,अनावश्यक रुपमा धुवाँ, धुलो पैदा नगर्नु | प्रभाव पर्छन भन्ने बारेमा छलफल गर्ने<br>● आफूले प्राकृतिक सम्पदाको संरक्षण गर्न के के काम गर्न सकिन्छ समूहमा छलफल गराउने र सूची तयार पार्न लगाइ प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुसार स्पष्ट गर्ने | | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमान्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाजा | ● भाषिक विविधताको परिचय दिन<br>● धार्मिक पर्व मेलामा हुने गतिविधिहरु भन्न<br>● जातिगत सहिष्णुताको परिचय दिन | ● भाषिक विविधताको परिचय<br>● धार्मिक पर्व मेलामा हुने गतिविधिहरु<br>● जातिगत सहिष्णुताको परिचय | ● भाषाको आधारमा समूहिकरण गरी कुनै शिर्षकमा पालैपालो बोल्न लगाइ सोही आधारमा भाषिक विविधताको परिचय दिने<br>● कृष्णपुरका धार्मिक स्थलको चित्र वा पोष्टर देखाई त्याहाँ लाग्ने मेला र जात्राका विषयमा छलफल गराउने र त्यहाँ हुने गरेका गतिविधि बारे प्रष्ट पार्ने<br>● समुदायका व्यक्तिहरु एक अर्का समूदायको सस्कारमा सहभागिता भएको विभिन्न उदाहरण दिइ जातिगत सहिष्णुताको धारणा प्रष्ट पार्ने | ● भाषिक विविधताको परिचय दिन लगाउने<br>● धार्मिक पर्व मेलामा हुने गतिविधिहरु लेख्न लगाउने<br>● जातिगत सहिष्णुताको उदाहरण सहित परिचय दिन लगाउने | २० |
| | | सामाजिक कुरीतिहरु | ● सामाजिक कुरीतिहरुको असरहरु बताउन | ● सामाजिक कुरीतिका असरहरु | ● घर समाजमा हुने सामाजिक कुरीतिका कारणहरुको बारेमा छलफल गरी यस बाट समुदायमा देखिएका असरहरुको बारेमा अनुभव आदानप्रदान गर्न लगाइ शिक्षकले निष्कर्ष सहित स्पष्ट गर्ने | ● सामाजिक कुरीतिका असरहरु भन्न लगाउने | |
| ७ | प्रकोप तथा | प्रकोप तथा | ● विपद्का कारण बाट | ● विपद्का कारण बाट | ● विभिन्न प्रकृतिका विपद्हरुका | ● विपद्का कारण बाट | १२ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन | विपद्को परिचय, वर्गीकरण, बच्ने उपायहरु र व्यवस्थापन | उत्पन्न जोखिमहरूका बारेमा भन्न<br>● बाढी, डुबान र नदी कटान बाट सुरक्षित रहने उपायहरू पहिचान गर्न | उत्पन्न जोखिमहरू<br>● बाढी, डुबान र नदी कटानका बाट सुरक्षित रहने उपायहरू | जोखिमहरूको चार्ट देखाई छलफल गरी जोखिमहरूका बारेमा जानकारी गराउने<br>● स्थानीय विपद्का कारण उत्पन्न जोखिमहरूको बारेमा छलफल र अन्तरक्रिया गर्ने गराउने<br>● स्थानीय स्तरमा हुन सक्ने बाढी तथा डुबान का  जोखिमबाट सतर्कता अपनाउन तथा बच्न नमूना कियाकलाप सहित बताउने | उत्पन्न जोखिमहरूका बारेमा भन्न लगाउने ।<br>● बाढी, डुबान र नदी कटान बाट सुरक्षित रहने उपायहरू बताउन लगाउने | |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ७*

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | हामी र हाम्रो नगर | *हाम्रो नगर* | ● कृष्णपुर नगर कार्यपालिकाको गठन प्रकिया बताउन<br>● नगरपालिकाले गर्ने बिकासका क्षेत्र भन्न<br>● कृष्णपुर नगरपालिकाका आम्दानीका स्रोतहरु बताउन | ●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको कृष्णपुर न.पा. को गठन प्रकिया<br>●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कृष्णपुर न.पा.को बिकासका क्षेत्रहरु<br>●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कृष्णपुर नगरपालिकाको आम्दानीका स्रोतहरु | ●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारको गठन प्रकिया बारेमा आवश्यक छलफल गरी बताउने<br>● नगरपालिकाको बिकासका क्षेत्रहरु र नगरपालिका आम्दानीका स्रोतहरु नगर पालिकाको नीति कार्यक्रम तथा बजेट पुस्तिकाको माध्यम द्वारा छलफल गरी बताउने | ●स्थानीय सरकारको गठन , बिकासात्मक कार्यहरु र नगरपालिकाका आम्दानिका स्रोतहरु पहिचान गर्न सके नसेको प्रश्नोत्तर गर्ने | १६ |
| २ | स्थानीयपेसा व्यावसाय र प्रविधि | कृषि | ● कृषि पेशा सँग सम्बन्धित जनशक्तिको परिचय र सामान्य कार्यको बारेमा बताउन | ● कृषि पेशा सँग सम्बन्धित जनशक्तिको परिचय र कार्य जस्तै: ( जेटीए, जे टी ,कृषिबिज्ञ, पशुचिकित्सक) | ● कृषि पेशा सँग सम्बन्धित जनशक्ति जस्तै कृषिबिज्ञ र पशुचिकित्सक मध्ये कुनै एकजना ब्यक्तिलाइ स्रोत ब्यक्तिका रुपमा ल्याइ कृषि पेशा सँग सम्बन्धित जनशक्ति को लागि प्रबेश गर्न चाहिने योग्यता पढनु पर्ने बिषयहरु , पढने अवधि, र प्राप्त हुने योग्यताका र उनीहरुले गर्ने कार्य बारेमा छलफल गरी प्रस्ट पार्ने | ● कृषि पेशा सँग सम्बन्धित जनशक्ति र तिनको कार्यहरुको वारेमा भन्न लगाउने | २० |
| | | व्यापार | ● व्यापारको महत्व बताउन | ●पसल व्यवसाय, होटल व्यवसाय, ई– व्यवसायको महत्व र योगदान | ●स्थानीय व्यापारिक क्षेत्रमा अवलोकन भ्रमण गराई स्थानीय व्यापार/व्यवसायीसँग अन्तरक्रिया गराउने<br>● समूहगतरुपमा व्यापार व्यवसायले परिवार र समाजमापार्ने सकरात्मक प्रभावका बारेमा रिपोट तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने, आवश्यकता अनुसार | ●विद्यार्थीहरुले बनाएको रिपोटको आधारमा मूल्याङ्कन गर्ने | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सहजिकरण गर्ने | | |
| | | पर्यटन | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणका उपायहरु बताउन<br>● स्थानीय पर्यटकीय सम्भावनाका क्षेत्रहरु पहिचान गर्न | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणका उपायहरु<br>● स्थानीय पर्यटकीय सम्भावनाका क्षेत्रहरु | ● स्थानीय क्षेत्रमा स्थलगत भ्रमण गराई सम्भाव्य पर्यटकीय क्षेत्रहरुको सम्बन्धमा र विद्यमान पर्यटकीय क्षेत्रहरुको संरक्षणका उपायहरु सम्बन्धमा जानकार व्यक्तिहरुसँग अन्तरक्रिया गराई समूहगत टिपोट गर्न लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुसार सहजिकरण गरी स्पष्ट गर्ने | ● विद्यार्थीहरुको प्रस्तुतिकरणको आधारमा मूल्याङ्कन गर्ने | |
| | | उद्योग | ● स्थानीय क्षेत्रमा रहेका उद्योगहरुले अर्थतन्त्रमा पुऱ्याउने योगदान बताउन | ● स्थानीय क्षेत्रमा रहेका उद्योगहरुको अर्थतन्त्रमा योगदान | ● स्थानीय उद्योग सञ्चालक वा अर्थ विज्ञ/जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी स्थानीय उद्योगले हाम्रो अर्थतन्त्र र रोजगारमा दिएको योगदानको बारेमा छलफल चलाउने | ● स्थानीय क्षेत्रमा रहेका उद्योगको आर्थिक योगदान भन्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | ● सन्तुलित भोजनको महत्व बताउन<br>● मिसावटयुक्त वस्तुको प्रयोगले स्वास्थ्यमा पर्ने असर बताउन<br>● उपभोक्ता स्वास्थ्यको आवश्यकता बताउन | ● सन्तुलित भोजनको महत्व<br>● मिसावटयुक्त वस्तुको प्रयोगले स्वास्थ्यमा पर्ने असर<br>● उपभोक्ता स्वास्थ्यको आवश्यकता | ● विद्यार्थीहरुलाई सन्तुलित भोजनको महत्वका बारेमा समूहगत छलफल गराइ प्रस्तुत गर्न लगाउने आवश्यकता अनुसार शिक्षकले सहयोग गर्ने<br>● इन्टरनेट वा असर लेखिएका चार्ट द्वारा मिसावट युक्त वस्तुको असरका बारेमा खोज तथा छलफल गर्न लगाउने<br>● उपभोक्ता स्वास्थ्यको आवश्यकताका बारेमा छलफल गराई निष्कर्ष बताइदिने | ● सन्तुलित भोजनका फाइदाहरु उपयुक्त तरिकाले लेखेर प्रदर्शन गरे नगरेको अवलोकन गर्ने<br>● आफूले भोगेका वा देखेका मिसावटयुक्त वस्तुको प्रयोगले परेको असरहरु भन्न लगाउने<br>● उपभोक्ता स्वास्थ्यका आवश्यकताहरु लेखेर देखाउन लगाउने | २८ |
| | | योग व्यायाम र खेलकुद | ● शारीरिक खेल र बौद्धिक खेलको उदाहरण सहित परिचय दिन<br>● योग ध्यानको अभ्यास ( | ● शारीरिक खेल र बौद्धिक खेलको उदाहरण सहित परिचय<br>● योग ध्यानको अभ्यास | ● शारीरिक र बौद्धिक खेलको परिचय लेखिएको सूची कार्डको सहयोगले विद्यार्थीहरुलाई शारीरिक र बौद्धिक खेलको उदाहरण सहित परिचय दिने | ● शारीरिक खेल र बौद्धिक खेलको उदाहरण सहित परिचय दिन लगाउने | |

हाम्रो स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मिश्रदण्ड,नौकासन, पवनमुक्तासन ) अभ्यास गरेर देखाउन<br>●योगको महत्व बताउन<br>● औषधिय गुण भएका झारपातहरुको विशेषता भन्न । | (मिश्रदण्ड,नौकासन, पवनमुक्तासन) अभ्यास<br>●योगको महत्व<br>● औषधिय गुण भएका झारपातहरु (गुर्जो,घ्यू कुमारी,पिपली,बोजो,दुबो) | ● कुनै पनि आसनमा बस्न लगाई शिक्षक आफै वा भिडियो क्लिप मार्फत अभ्यास गरेर देखाई सँग सँगै गर्न लगाउने<br>● योगका महत्वहरु विद्यार्थीहरुलाई विभिन्न माध्यमबाट संकलन गरी ल्याउन लगाउने र प्रोजेक्टरका साहयताले स्पष्ट गर्ने<br>● स्थानीय ठाउँमा पाइने औषधिय गुण भएका झारपातहरु संकलन गर्न लगाइ तिनीहरुको विशेषताहरुको बारेमा छलफल गरी प्रष्ट पार्ने | ● योगको आसनहरु उपयुक्त तरिकाले गरे नगरेको अवलोकन गर्ने<br>● योगका महत्वहरु संकलन गरे नगरेको अवलोकन गर्ने<br>● स्थानीय ठाउँमा पाइने औषधिय गुण भएका झारपातहरुको विशेषताहरु भन्न लगाउने | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● माटो प्रदूषणका कारण, असर र रोकथामका उपायहरु वताउन<br>● वातावरण संरक्षणमा समुदायको भूमिका बताउन | ●माटो प्रदूषणका कारण, असर र रोकथाम<br>●वातावरण संरक्षणमा समुदायको भूमिका | ● प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ माटो प्रदुषण कारण, असर र रोकथामका उपायहरु वारे छलफल गरि निचोड वताइदिने<br>●वातावरण संरक्षणमा समुदायको भुमिका सम्वन्धमा अन्तरक्रिया गरि चार्ट देखाइ स्पष्ट पार्ने | ● माटो प्रदुषणको अवस्थाका बारेमा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने<br>●वातावरण संरक्षणमा समुदायको भुमिका लेखेर प्रदर्शन गर्न लगाउने | |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ● स्थानीय वातावरण प्रदुषणको न्यूनीकरणमा स्थानीय समुदाय, व्यक्ति तथा संघसंस्थाहरुको भूमिका बताउन | ●वातावरण प्रदुषण न्यूनीकरणमा स्थानीय सरकारी, गैरसरकारी संघसंस्था तथा व्यक्ति भूमिका | ● कुनै प्रदुषित क्षेत्रको स्थलगत अवलोकन गराई त्यहाँको प्रदुषण न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा स्थानीय अभियन्तासँग छलफल गराइ सरकारी सस्था , नगरपालिका वा अन्य गैरसरकारी संघसंस्थाले गरिरहेका कार्यहरुबारे स्पष्ट गर्ने | ● आफ्नो विद्यालय वा घरनजिकै भएको कुनै एक ठाउँलाई प्रदुषणमुक्त बनाउन गर्नुपर्ने कार्यहरुको सूची प्रस्तुत गर्न लगाउने | |
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | ● धार्मिक सम्पदा संरक्षणमा स्थानीय तहको भूमिका बताउन | ● धार्मिक सम्पदा संरक्षणमा स्थानीय तहको भूमिका | ● धार्मिक सम्पदाको संरक्षणमा परिवारका सदस्यहरुले दिन सक्ने योगदानका बारेमा प्रश्नोत्तर सहित परिवारको भूमिका स्पष्ट गर्ने | ● स्थानीय तहले धार्मिक सम्पदा संरक्षणमा गर्नुपर्ने कार्यहरु टिपोट गर्न लगाउने | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● धार्मिक स्थलमा लगेर पुजारी,पादरी आदि सँग स्थानीय तहले गरिरहेको सहयोग र अपेक्षित सहयोगका सम्बन्धमा सोधपुछ गरी टिपोट गर्न लगाइ समूहगत रुपमा प्रस्तुत गराई भूमिका स्पष्ट गर्ने | | |
| | | साँस्कृतिक सम्पदा | ● स्थानीय परम्परा,संस्कार र रितिरिवाजका बारेमा बताउन | ● स्थानीय परम्परा,संस्कार र रितिरिवाज (नृत्य, | ●आफ्नो समुदायमा प्रचलित परम्परागत पहिरन र गहनाको तस्वीर देखाई छलफल गर्ने<br>● समुदायमा लगाइने परम्परागत पहिरन र गहनाका नाम भन्न लगाई टिपोट गर्न लगाउने र फरक फरक जाति समुदायको पहिरन र गहनाहरुको सम्बन्धमा बताइदिने | ●आफ्नो समुदायमा प्रचलित परम्परागत पहिरन र गहनाको नाम संकलन र चित्र बनाउन लगाउने | |
| | | प्राकृतिक सम्पदा | ● प्राकृतिक सम्पदाको संरक्षण गर्न समुदायको भूमिका बताउन | ● प्राकृतिक सम्पदाको संरक्षण गर्न समुदायको भूमिका | ● आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदाको नाम भन्न लगाई तिनको अवस्थाका बारेमा प्रश्नोत्तर गर्ने<br>● प्राकृतिक सम्पदाको संरक्षणका सम्बन्धमा विद्यार्थीहरुलाई समुदायको भूमिका के के हुन सक्छन भन्ने बिषयमा छलफल चलाउने र निश्कर्षमा समुदायको भुमिका बारे बताइ दिने | ● प्राकृतिक सम्पदाको संरक्षण गर्न समुदायको भूमिका बताउन लगाउने | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमा न्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाज | ● स्थानीय समुदायका परम्परागत पहिरनका विशेषताहरु बताउन<br>● स्थानीय समुदायको परमपरागत पहिरन,परम्परा तथा | ● स्थानीय समुदायका परम्परागत पहिरनका विशेषता<br>● स्थानीय समुदायको परमपरागत पहिरन,परम्परा तथा | ● स्थानीय सबै समुदायका पररमपरागत पहिरन सम्बन्धमा अनुभव आदान प्रदान गरी सोही आधारमा विशेषताहरु पहिचान गर्न लगाइ आवश्यकता अनुसार स्पष्ट गर्ने | ● प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्ने | २० |

स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ा | भेषभूषाको संरक्षण र प्रवर्धनका उपायहरु बताउन<br>●परम्परागत बाजाको संरक्षणका उपायहरु बताउन | भेषभूषाको संरक्षण र प्रवर्धनका उपायहरु<br>●परम्परागत बाजाको संरक्षणका उपायहरु | ● समुदाय अनुसार विद्यार्थीहरुलाई समूहिकरण गरी आ - आफ्नो समुदायमा भ्रमण गराइ जेष्ठ नागरिक तथा जानकार व्यक्तिहरु सँग परमपरागत पहिरन,परम्परा तथा भेषभूषा,बाजाको संरक्षण र प्रवर्धन सम्बन्धमा उपायहरु संकलन गरी समूहगत रुपमा प्रतिवेदन कक्षामा प्रस्तुत गराउने र आवश्यकता अनुसार शिक्षकले स्पष्ट गर्ने | | |
| | | सामाजिक कुरीतिहरु | ● समुदायमा रहेका सामाजिक समस्या र विकृतिको असर र समाधानका उपायहरु बताउन | ● सामाजिक समस्या र विकृति (बाल विवाह,आर्थिक विभेद,लैंगिक विभेद, जातिय विभेद ,जुवातास, लागुपदार्थ दूर्व्यसन आदि )<br>● सामाजिक समस्या र विकृतिका असर र समाधानका उपाय | ● आ -आफ्नो समुदायमा रहेका सामाजिक समस्या र विकृतीहरु एक आपसमा छलफल गराइ पालै पालो प्रस्तुत गराउने सबै सामाजिक विकृती नसमेटिएमा शिक्षकले सहजिकरण गर्ने<br>● सामाजिक समस्या तथा विकृती बाट सृजित असर र समाधानका उपायका बारेमा प्रश्नोत्तर तथा छलफल गरी टिपोट प्रस्तुत गर्न लगाउने र यसका असर तथा समाधानका उपाय लेखिएको चार्ट प्रदर्शन गरी स्पष्ट गर्ने<br>● विद्यार्थीहरुको समूहिकरण गरी प्रत्येक समूहलाई फरक फरक सामाजिक समस्या/विकृतीको असर र समाधानका उपाय सम्बन्धी समुदायका व्यक्तिहरुको सहयोग र आफूले समुदायमा देखे भोगेको आधारमा परियोजना कार्य गर्न लगाइ प्रतिवेदन प्रस्तुत गर्न लगाउने | ● प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्ने | |

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गिकरण, बच्ने उपायहरु र व्यवस्थापन | ● विपद् व्यवस्थापनका तरिकाहरुको सूची बनाउन<br>● शितलहरको परिचय, असर र बच्ने उपायहरु भन्न | ● विपद् व्यवस्थापनका तरिकाहरु ( कारण, असर, क्षतिको न्यूनीकरण तथा रोकथामका उपायहरु<br>●शितलहरको परिचय असर र बच्ने उपायहरु | ●प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी भिडीयो तथा पोष्टरहरु प्रस्तुत गर्ने ।<br>● बिपद्को समयमा तत्काल उद्दारका लागि चाहिने विभिन्न समाग्रीहरुको चित्र प्रदर्शन गर्ने ।<br>● प्रकोप भएको स्थानमा अवलोकन गराउने त्यहाँ विपद् भोगेका स्थानीय मानिसहरुसँग अन्तरक्रिया गरी त्यसको असर र बच्ने उपायहरु बारे स्पष्ट गराउने<br>● शितलहर सम्वन्धि विधार्थीहरुका अनुभव संकलन गरी छलफल गर्ने र शितलहरको परिचय, असर र बच्ने उपायहरु लेखिएको चार्ट प्रदर्शन गरी स्पष्ट गर्ने | ● विपद् व्यवस्थापनका तरिकाहरुको सूची बनाउन लगाउने<br>● शितलहरको परिचय, असर र बच्ने उपायहरु भन्न लगाउने | १२ |

*विषयवस्तुको विस्तृतीकरण*

*कक्षा ८*

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजिकरण कियाकलाप | मूल्याङ्कन प्रकिया | पाठ्य घण्टी |
|---|---|---|---|---|---|---|---|
| १ | हामी र हाम्रो नगर | *हाम्रो नगर* | ●नगरपालिकाको काम कर्तब्य र अधिकारहरु बताउन | ● नगरपालिकाका काम कर्तब्य र अधिकारहरु | ●स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाका काम कर्तब्य र अधिकार भएको सुचि कक्षामा प्रर्दशन गरि छलफल गर्ने | ●बिद्यार्थीहरु लाई नगरपालिकाको काम ,काम, कर्तब्य र अधिकार सम्बन्धी प्रश्नहरु गर्ने | १६ |
| २ | | कृषि | ●कृषिको महत्व बताउन | ●कृषिको महत्व | ●नजिकको पायक पर्ने कृषि फर्मको | ● अध्ययन भ्रमणका | २० |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीयपेसा व्यावसाय र प्रविधि | | | | अध्ययन भ्रमण गराउने<br>● स्थानीय कृषि व्यावसायीहरु संग कृषिको महत्वबारे प्रत्यक्ष अन्तरक्रिया गराउने<br>● कृषिबाट देशलाई पुगेको आर्थिक योगदानबारे विज्ञसँग अन्तरक्रिया गर्ने र उक्त विषयवस्तुलाई कक्षकोठामा आदानप्रदान गराउने | आधारमा समुहगत रुपमा कृषिको महत्व र योगदानबारे परियोजना कार्य तयार गर्न र प्रस्तुत गर्न लगाउने | |
| | | व्यापार | ● राष्ट्रिय र अन्तराष्ट्रिय व्यापारको परिचय र महत्व बताउन | ●राष्ट्रिय र अन्तराष्ट्रिय व्यापारको परिचय र महत्व | ●राष्ट्रिय र अन्तराष्ट्रिय व्यापार सम्बन्धमा स्थानीयबजारको अवलोकन भ्रमण गराइ त्यहाँका व्यापारीहरु सँग भएका सामाग्री कहाँ उत्पादन भएका र कहाँ बाट ल्याएका प्रश्न गरि आएका बुँदाहरु टिप्न लगाउने<br>●स्थानीयब्यापारी सँग ब्यापारका फाइदा र बेफाइदाका बारेमा छलफल गरि आन्तरिक र अन्तराष्ट्रिय ब्यापारको महत्व बताउने | राष्ट्रिय र अन्तराष्ट्रिय व्यापारको परिचय र महत्व लेख्न लगाउने | |
| | | पर्यटन | ● पर्यटकीय क्षेत्रहरुको संरक्षणमा समुदाय र स्थानीय तहको भूमिका बताउन | ● पर्यटकीय क्षेत्रहरुको संरक्षणमा समुदाय र स्थानीय तहको भूमिका | ● विद्यार्थी संख्याको आधारमा समूह विभाजन गरी पर्यटकीय क्षेत्रहरुको संरक्षणमा समूदाय र स्थानीय तहको भूमिकाका सम्बन्धमा छलफल गराइ टिपोट तथा समूहगत प्रस्तुतीकरण गराइ आवश्यकता अनुसार सहजिकरण गर्ने । | ● स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणमा समुदाय र स्थानीय तहको भूमिका विषयक वक्तृत्वकलाको आयोजना गर्ने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उद्योग | ● उद्योग सञ्चालन तथा व्यवस्थापनका समस्याहरु बताउन | ● उद्योग सञ्चालन तथा व्यवस्थापनका समस्याहरु | ● स्थानीय स्तरमा सञ्चालित उद्योगहरुको समस्याका बारेमा बुझ्न सम्बन्धित क्षेत्रमा लगि उद्योगी सँग सो सम्बन्धमा सोधपुछ गरी टिपोट गर्न लगाउने र स्थानीय उद्योगहरुले भोग्नु परेको समस्याहरु कक्षामा छलफल गरी पस्तुत गर्न लगाउने | ● उद्योग व्यवसाय संचालन गर्दा आईपर्ने सक्ने समस्याहरु बुँदागत रुपमा लेखी प्रस्तुत गर्न लगाउने | |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | स्वस्थ्य जीवनशैली र आहार | ● भोजनको वर्गिकरण गर्न<br>● उपभोग्य वस्तुहरु खरिद गर्दा अपनाउनु पर्ने सावधानीहरु बताउन<br>●स्थानीय वन क्षेत्रमा पाइने मौसमी सागपातहरुका नाम बताउन | ● भोजनको वर्गिकरण ( शक्ति दिने,बृद्धि विकास गर्ने र सुरक्षा गर्ने)<br>●सामाग्री खरिद गर्दा अपनाउनु पर्ने सावधानी र सचेतना (जस्तै : उत्पादन मिति,गुणस्तर, मिसावट,कम्पनी दर्ता) आदि<br>●स्थानीय वन क्षेत्रमा पाइने मौसमी सागपातहरु( निउरो,फुट्की,जिब्रे,च्याउ, तामा) | ● विद्यार्थीहरुलाई खाद्यवस्तुमा पाइने तत्वहरुका आधारमा वर्गिकरण गर्न लगाइ छलफल द्वारा सहजिकरण गर्ने<br>● उपभोग्य वस्तु खरिद गर्दा ध्यान दिनुपर्ने पक्षहरु टिपोट गर्न लगाइ छलफल गरी प्रष्ट पार्ने<br>● स्थानीय वन क्षेत्रमा पाइने मौसमी सागपातहरुको बारेमा प्रश्नोत्तर गरी स्पष्ट नभएका कुरा चित्रद्धारा स्पष्ट पारिदिने | ● भोजनमा पाइने तत्वहरुका आधारमा वर्गिकरण गर्न लगाउने<br>● उपभोग्य सामाग्री खरिद गर्दा अपनाउनु पर्ने सावधानीहरु बताउन लगाउने<br>●स्थानीय वन क्षेत्रमा पाइने मौसमी सागपातहरुका नाम भन्न लगाउने | २८ |
| | | योग व्यायाम र खेलकुद | ● योग र रोगको सम्बन्ध भन्न<br>● योग ध्यानको अभ्यास (हनुमान दण्ड,मर्कटासन,सवासन, सूर्य नमस्कार,सौर्यकान्ती प्राणायाम) गर्न | ● योग र रोगको सम्बन्ध<br>● योग ध्यानको अभ्यास (हनुमान दण्ड,मर्कटासन,सवासन,सूर्य नमस्कार,सौर्यकान्ती प्राणायाम) | ● योग र रोगको सम्बन्धका बारेमा प्रश्नोत्तर गरी प्राप्त उत्तरका आधारमा छलफल चलाई योगले मानव स्वास्थ्यमा पारेको सकारात्मक प्रभावहरु बताइदिने<br>● योगका लागि कुनै पनि आसनमा बस्न लगाई शिक्षक आफै वा भिडियो क्लिप मार्फत (हनुमान दण्ड,मर्कटासन,सवासन,सूर्य नमस्कार,सौर्यकान्ती प्राणायाम) अभ्यास गरेर देखाई सँग सँगै गर्न | ● योग र रोगको सम्बन्धका बारेमा बुदाँ टिपोट गर्न लगाउने<br>● योगका आसनहरु उपयुक्त तरिकाले गरे नगरेको अवलोकन गर्ने | |

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लगाउने | | |
| ४ | हाम्रो वातावरण | वातावरणको परिचय | ● ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरु वताउन<br><br>● वातावरण संरक्षणमा स्थानीय निकायको भूमिका बताउन | ● ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरु<br>●वातावरण संरक्षणमा स्थानीय निकायको भूमिका | ● प्रदूषणको प्रकारहरुबारे जानकारी दिइ ध्वनी प्रदुषण कारण, असर र रोकथामका उपायहरु वारे छलफल गरि निचोड वताइदिने<br>● वातावरण संरक्षणमा स्थानीय निकायको भूमिका सम्बन्धमा स्थानीय तहको सम्बन्धित शाखा हेर्ने व्यक्ति आमन्त्रण गर्ने, विद्यार्थीहरु लाई छलफल तथा अन्तरक्रिया गर्न लगाइ भूमिका बारे स्पष्ट गर्ने | ● ध्वनी प्रदुषणको अवस्थाका बारेमा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने<br>●वातावरण संरक्षणमा स्थानीय निकायको भुमिका सम्बन्धमा वक्तृत्वकला सञ्चालन गर्ने । | १६ |
| | | वातावरण प्रदुषण तथा फोहरमैला व्यवस्थापन | ●फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, व्यक्ति तथा संघ सस्थाको भूमिका बताउन | ●स्थानीय क्षेत्रमा फोहोरमैला व्यवस्थापनमा व्यक्ति, समुदाय तथा संघ संस्थाको भूमिका | ● विद्यालयमा दैनिक रुपमा निस्कने फोहोरलाई वर्गीकरण गरी व्यवस्थापनका प्रक्रियाहरु अवलम्बन गर्न तरिका वताउन लगाउने । जस्तैः कागजको फ्रेम बनाउन वा पुन अर्को कागज बनाउन सिकाउने<br>● फोहोर व्यवस्थापनका लागि विद्यार्थीहरुले आफ्नो घरमा अपनाएका तरिका बारे पालैपालो सोधी व्यवस्थापनका चरणहरुबारे छलफल गरी निष्कर्ष दिने<br>●स्थानीय स्तरमा फोहोर व्यवस्थापन क्षेत्र तथा सरकारी, गैर सरकारी वा निजी संघसंस्थाहरुको भ्रमण गराइ फोहोर व्यवस्थापनका तरिका र प्रक्रियाहरुबारे अन्तरक्रिया, टिपोट तथा कक्षामा प्रस्तुत गर्न लगाइ आवश्यकता अनुसार पृष्ठपोषण दिने | ● फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, व्यक्ति तथा संघ सस्थाको भूमिका बताउन लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | हाम्रो सम्पदा | धार्मिक सम्पदा | • धार्मिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्न | • धार्मिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन | • धार्मिक क्षेत्रहरुको संरक्षण र प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुदाँगत रुपमा प्रस्तुत गर्ने ।<br>•स्थानीय धार्मिक सम्पदाहरुको संरक्षण, मर्मत संभार एवम् प्रवर्द्धन गर्न स्थानीय धार्मिक समूहहरुको सहयोगमा योजना निर्माण गरी प्रस्तुत गर्ने र उक्त योजना कार्यन्वयनका लागि समुदायसँग सहकार्य गराउने | • योजना निर्माण र कार्यान्वयनका गतिविधि अवलोकन गर्ने । | १६ |
| | | साँस्कृतिक सम्पदा | •स्थानीय, साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रर्वधन गर्न | •स्थानीय साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रर्वधन | • स्थानीय साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्धनका लागि गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुदाँगत रुपमा प्रस्तुत गर्ने<br>•स्थानीय साँस्कृतिक सम्पदाहरुको संरक्षणमा विद्यार्थी, स्थानीय निकाय तथा संरक्षणकर्मीहरुको भूमिका विषयमा अन्तरक्रिया गरी निष्कर्ष दिने ।<br>• यसमा स्थानीय नगरपालिका, विभिन्न सस्कृति बिद, स्थानीय विज्ञ आदिलाई आमन्त्रण गरी कक्षा सञ्चालन गर्न लगाउने | • स्थानीय स्तरका साँस्कृतिक सम्पदाहरुको अवलोकन गरी परियोजना तयार गर्न लगाउने । | |
| | | प्राकृतिक सम्पदा | •स्थानीय प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रर्वधन गर्न | •स्थानीय प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रर्वधन | •स्थानीय प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरुको बारेमा छलफल गरी बुदाँगत रुपमा प्रस्तुत गर्ने<br>•स्थानीय प्राकृतिक | • स्थानीय स्तरका प्राकृतिक सम्पदाहरुको अध्ययन अवलोकन गरी तिनको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सम्पदाहरुको संरक्षणमा विद्यार्थी, स्थानीय तह तथा संरक्षणकर्मीहरुको भूमिका विषयमा अन्तरक्रिया गरी निष्कर्ष दिने ।<br>● नगरपालिकाका पदाधिकारी, विज्ञ तथा समाजसेवी आदिलाई आमन्त्रण गरी कक्षा सञ्चालन गर्न लगाउने | परियोजना तयार पार्न लगाउने | |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्यमान्यता | जातजाति, भाषा,धर्म र रितीरिवाज तथा स्थानीयबाजा | ● मातृभाषा संरक्षणको आवश्यकता बताउन<br>● मातृभाषा संरक्षणमा विद्यालय र समुदायको भूमिका बताउन | ● मातृभाषा संरक्षणको आवश्यकता<br>● मातृभाषा संरक्षणमा विद्यालय र समुदायको भूमिका | ● शिक्षकले संस्कृति, मूल्यमान्यता, परम्परा , रीतिरीवाजलाई मातृभाषा सँगको सम्बन्ध देखिने केही उदाहरण प्रस्तुत गरी मातृभाषको आवश्यकता र महत्व बारे बताउने यसै किसिमका अन्य उदाहरणहरु विद्यार्थी बाट खोज्न लगाइ मातृभाषाको आवश्यकता बारे थप प्रष्ट्याउने<br>● मातृभाषाको संरक्षणमा विद्यालय र समुदायले खेल्न सक्ने भूमिकाको सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गरी निचोड बताइदिने | ● मातृभाषाको संरक्षणका आवश्यकता सम्बन्धी प्रश्नहरु गर्ने<br>● मातृभाषा संरक्षणमा विद्यालय र समुदायको भूमिका बताउन लगाउने | २० |
| | | सामाजिक कुरितिहरु | ● सामाजिक विभेद र कुरिति सम्बन्धि कानूनी प्रावधान बताउन<br>● सामाजिक कुरीति र विकृतीहरु विरुद्ध कार्यक्रम सञ्चालन गर्न | ● सामाजिक विभेद र कुरिति सम्बन्धि कानूनी प्रावधान<br>● सामाजिक कुरीति र विकृतीहरु विरुद्ध कार्यक्रम (र्‍याली,सडक नाटक) | ● कानूनी प्रावधान सम्बन्धी स्लाइड तयार गरी प्रोजेक्टर मार्फत प्रस्तुत गर्ने<br>● सामाजिक कुरीति र विकृतीका विरुद्ध र्‍याली र सडक नाटकको पूर्वतयारी गरी निश्चित स्थान र मितिमा कार्यक्रम सञ्चालन गर्ने | ● विभिन्न विभेद तथा कानूनी प्रावधानका बारेमा प्रश्नोत्तर गर्ने<br>● र्‍याली र सडक नाटक सञ्चालनको आधारमा मूल्याङ्कन गर्ने | |
| ७ | प्रकोप तथा विपद् | प्रकोप तथा विपद्को | ●विपद्हरु रोकथाममा विद्यालय र स्थानीय तहको भूमिका बताउन | ●विपद्हरु रोकथाममा विद्यालय र स्थानीय तहको भूमिका | ● विभन्न प्रकृतिका विपद्हरु रोकथाममा विद्यालयले खेल्न सक्ने भूमिका लेखिएको चार्ट प्रर्दशन गरी | ● विपद्हरु रोकथाममा विद्यालय र स्थानीय तहको भूमिका भन्न | १२ |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | परिचय, वर्गीकरण, बच्ने उपायहरु र व्यवस्थापन | ● लु (Loo) को परिचय, असर र बच्ने उपायहरु भन्न | ● लु (Loo)को परिचय, असर र बच्ने उपायहरु | छलफलका माध्यम बाट प्रस्ट पार्ने<br>● विपद् व्यवस्थापन र रोकथाम सम्बन्धि जु.रे.स./यू.रे.स.का शिक्षक नायकलाई स्रोत शिक्षकको रुपमा आमन्त्रण गरी विपद व्यवस्थापन र रोकथाम सम्वन्धी विद्यालय र स्थानीय तहको भूमिका सम्बन्धमा अन्तरकिया गरी प्रष्ट पार्ने<br>● लू सम्वन्धि विधार्थीहरुका अनुभव संकलन गरी छलफल गर्ने र लू को परिचय, असर र बच्ने उपायहरु लेखिएको चार्ट प्रदर्शन गरी स्पष्ट गर्ने | लगाउने<br>● लु को परिचय, असर र बच्ने उपायहरु लेख्न लगाउने | |

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपु

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

## १५. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । पाठ्यक्रमले निर्धारण गरेका सक्षमताहरु पुरा गर्नकालागि विभिन्न विधि तथा उपायहरु प्रयोग गरिन्छन् । विद्यार्थीको उमेर, रुची, विषयवस्तुको प्रकृति, सामाग्रीको उपलब्धता, शिक्षकको सक्रियता आदिका आधारमा विधिहरु चयन गरिन्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । यस कृष्णपुर नगरपालिकाको नमूना स्थानीय पाठ्यक्रममा ७ वटा विषयक्षेत्रहरु समेटिएका छन् । यसमा प्रयोग गरिएका सिकाइसहजीकरण प्रक्रिया नमूनाको रुपमा प्रस्तुत गरिएको छ । शिक्षकले आफ्नो विषयवस्तुको प्रकृति अनुसार अन्य विधिहरु पनि उपयोग गर्न सक्नेछन् । स्थानीय विषयले स्थानीय स्तरका ज्ञान, सिप, प्रविधि, संस्कार, व्यवहारकुशल सिप र स्थानीय विषयवस्तुको जानकारी गराउने भएकोले यस विषयमा उपयुक्त हुनक्ने सिकाइ सहजीकरण विधि देहायबमोजिम हुन सक्छन् :

१. ***प्रयोगात्मक विधि :*** कुनै पनि विषयवस्तु प्रयोगका माध्ययमले सिक्ने (Learning by doing) विधि हो ।
२. ***अवलोकन र परियोजना विधि :*** गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रियहरूको प्रयोग द्वारा सिक्ने क्रियाकलापहरू यस अन्तर्गत पर्दछन् ।
३. ***प्रश्नोत्तर विधि*** : विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाइन्छ । विद्यार्थीहरुमा ज्ञान तहको सीप विकासका लागि यो विधि प्रयोग गर्न सकिन्छ ।
४. ***प्रदर्शन विधि :*** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीहरुलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडी बढाइन्छ ।
५. ***क्षेत्रभ्रमण विधि :*** कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तैः धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि ।
६. ***कथाकथन विधिः*** विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ ।
७. ***मस्तिष्क मन्थन विधि :*** विद्यार्थीहरुलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यसका निम्न चरणहरु रहेका छन् ।

   ***प्रथम चरण*** : सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका बारेमा जानकारी गराउने

   ***दोस्रो चरण*** : समस्या बुझिने गरी बताउने

   ***तेस्रो चरण*** : निश्चित समय तोकेर विद्यार्थीहरुलाई समस्या समाधान गर्न लगाउने

   ***चौथो चरण*** : समस्या समाधानका उपायहरु बताउन विद्यार्थीहरुलाई प्ररित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने

   ***पाँचौ चरण*** : उनीहरले भनेका कुरा टिप्ने

   ***छैटौं चरण*** : अन्त्यमा विद्यार्थीलाई एक्ला एक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने
८. ***सोधखोज विधि :*** विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ ।
९. ***छलफल विधि :*** कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरू , धार्मिक सम्पदानको संरक्षणका उपायहरू , बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि ।

नमूना स्थानीय पाठ्यक्रम

१०. *जिग्सअ विधि :* जिग्सअ विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नविन चिन्तनको रुपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृ समूह रहन्छ । विज्ञसमूह मातृसमूह र मातृसमूह विज्ञसमूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाईका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रिया र चरण यसप्रकार छन् ।

*प्रथम चरण :* शिक्षकले विज्ञ समूहका लागि प्रश्न सेट तयारी गर्नु पर्दछ । जति विज्ञ समूह हुन्छ,त्यतिनै प्रश्न सेट तयारी गर्नु पर्दछ । प्रश्न बनाउँदा तोकिएको पाठ्याँशबाट बनाइन्छ ।

*दोस्रो चरण :* शिक्षकले ४/५ जनाको मातृ समूह बनाई विद्यार्थीलाई मातृसमूहमा बस्न लगाउने एकआपसमा घुलमिल हुने र सौहार्दपूर्ण व्यावहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने

*तेस्रो चरण :* शिक्षकले मातृसमूहका विद्यार्थीहरुलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक/एक जनालाई विज्ञसमूहमा नेताको छनोट गर्ने

*चौँथो चरण :* शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृसमूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

*पाँचौ चरण :* विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समय भित्र छलफल गरी टुङ्गगोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा प्रश्नोत्तर र छलफलले विशेष प्राथमिकता पाउने ।

११. *अन्तरक्रियात्मक बिधि :* यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१२. *अन्वेषण विधि :* विद्यार्थी आफैले सोधखोज गरी ज्ञान निर्माण गर्न लगाइन्छ । विद्यार्थीहरुले अनुसन्धानबाट नयाँ तथ्य र  जानकारी प्राप्त गर्दछन् जसले वैज्ञानिक र अनुसन्धानात्मक अभिवृत्तिको विकास हुन्छ ।

१३. *भूमिका निर्वाह :* कुनै पात्र वा विषयवस्तुका बारेमा भूमिका निर्वाह गर्न लगाइन्छ ।

१४. *आगमन विधि :* केहि विशिष्ट उदाहरणको अवलोकन गरी  त्यसमा देखिएको ढाँचा (Pattern) हेरेर सबैलाई मान्य हुने  निश्कर्ष निकाल्ने वा सामान्यीकरण (Generalization)  गरिन्छ ।

१५. *निगमन विधि :* हामीले स्वीकार गरेका मान्यतालाई, तथ्य र तर्कका आधारमा प्रमाणित गरी निश्कर्षमा पुगिन्छ । यस विधिले पुराना मान्यताको आधार र वैज्ञानिकता जाँच गर्दछ ।

१६. **प्रविधियुक्त विधि** : आधुनिक प्रविधिको प्रयोग गरी सिकाई कार्य सहजीकरण गरिन्छ ।

## १६. *विद्यार्थी मूल्याङ्कन प्रक्रिया*

*विद्यार्थी मूल्याङ्कन निम्न विधि र प्रक्रियाका आधारमा गरिनेछ ।*

१. *आधारभूत तह (कक्षा १–३)* मा निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको सिकाई उपलब्धीको मूल्याङ्कन गरिनेछ भने(कक्षा ४–८) मा ५० % ,आन्तरिक र ५० % अन्तिम परीक्षाका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ ।

२. आधारभूत तह (कक्षा १–३) का विद्यार्थीहरुको मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न शिक्षकले विद्यार्थीको व्यक्तिगत प्रगति  विवरण सञ्चय गरी राख्नुपर्छ । यसलाई विद्यार्थीको कक्षाकार्य, सिकाइ क्रियाकलापमा सहभागिता, परियोजना कार्य,सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गरी र विद्यार्थीको सिकाइ सुधारका लागि आवश्यक प्रवन्ध गर्नुपर्ने छ । प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चित अभिलेख फाइलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर

३. कक्षा १–३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ । सिकाइ उपलब्धीलाई *"क", "ख", "ग"* गरी ३ श्रेणीमा विभाजन गरी मूल्याङ्कन गर्नु पर्दछ ।

४. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि मूल्याङ्कनको स्पष्ट खाका र निर्देशन (Rubrics) र प्रयोगात्मक प्रश्नपत्र वा मूल्याङ्कन योजनाका आधारमा गरिनेछ ।

५. कक्षा ४–८ को अन्तिम परीक्षाको मूल्याङ्कन प्रश्नावली निर्माण गर्दा विशिष्टीकरण तालिका (Specification Grid) को प्रयोग गर्नुपर्नेछ ।

६. कक्षा ४–८ को आन्तरिक मूल्याङ्कन (५० %) निम्न आधारमा गरिनेछ ।

| क.सं. | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|
| १ | **सहभागिता** | ४ |
| २ | **प्रयोगात्मक/परियोजना** | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | **त्रैमासिक परीक्षा** | १० |
| | **जम्मा** | ५० |

*( निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ । )*

**द्रष्टव्य :**
- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन्।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (Grade Point Average-GPA) कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।

७. आधारभूत तहको अन्त्यमा (कक्षा ८) लिइने परीक्षाको मूल्याङ्कन स्थानीय तह अन्तर्गत आधारभूत तह उत्तिर्ण परीक्षाको मूल्याङ्कन प्रक्रियाको आधारमा गरिनेछ ।

## *१७. पाठ्यक्रम कार्यान्वयन प्रक्रिया :*

पाठ्यक्रम भनेको शिक्षा प्रणालीको ससक्त कार्ययोजना हो । कुनै पनि योजना निर्माण भइसकेपछि त्यसलाई कार्यान्वयन गरिन्छ । पाठ्यक्रम प्रयोगको कार्यथलो कक्षाकोठा र विद्यालय हो । पाठ्यक्रमले निर्धारण गरेको अपेक्षित उद्देश्य प्राप्त गर्नका लागि पाठ्यक्रमले निर्दिष्ट गरेको विषयवस्तुलाई माध्यम बनाएर पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार कियाकलाप अपनाएर त्यसको प्रयोग कक्षा कोठामा गरिन्छ । पाठ्यक्रममा जतिसुकै राम्रा र सुन्दर उद्येश्य राखेर त्यसअनुसार पाठ्यवस्तुको छनौट र संगठन गरिए पनि विद्यार्थीले सहि रुपमा ग्रहण गर्न सकेनन् भने त्यसको कुनै औचित्य हुदैन । त्यसैले यस स्थानीय पाठ्यक्रमको कार्यन्वयनमा शिक्षक र प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुनेछ

नमूना स्थानीय पाठ्यक्रम कृष्णपुर

। यस पाठ्यक्रमले स्थानीय विषयवस्तु समेटेको हुनाले स्थानीय जानकार व्यक्तिलाई स्रोत शिक्षकको रुपमा आमन्त्रण गरिनेछ । पाठ्यक्रममा आधारित भइ पाठ्यसामाग्रीको विकास गर्नुका साथै शिक्षकहरुलाई विषयवस्तु तथा हजीकरण प्रकिया सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । यस स्थानीय पाठ्यक्रमको कार्यन्वयनमा स्थानीय तहले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ

## १८. समय निर्धारण

*स्थानीय विषयको पाठ्यभार तथा कार्यघण्टा*

| क्रसं. | तह | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १–३) | ५ | १६० |
| २ | आधारभूत तह (कक्षा ४–५) | ४ | १२८ |
| ३ | आधारभूत तह (कक्षा ६–८) | ४ | १२८ |

## १९. पाठ्यक्रम मूल्याङ्कन सुधार र परिमार्जन

समय परिवर्तनशिल र समाज गतिशिल छ । समाजका मान्यताहरु समयको चाल सँगै परिवर्तन भइनै रहन्छन् । अहिलेका ज्ञान भोलीका लागि काम नलाग्ने हुन सक्छन् । त्यसैले शिक्षाको मूल आधार पाठ्यक्रमलाई पनि समय अनुसार सुधार तथा परिमार्जन गरिनु पर्दछ । यस स्थानीय पाठ्यक्रम पनि स्थानीय माग, मानवका रुची र चाहना, ज्ञानको विस्फोट र प्रविधिको विकास, सरोकारवालाको सुझाव र पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गरिनेछ ।

नमूना स्थानीय पाठ्यक्रम, कृ

## *अनुसूची १*

## *पाठ्यघण्टी र अन्तिम परीक्षाका लागि अंक विभाजन तालिका*

| क्र.सं. | क्षेत्र | कक्षा १–३ | | कक्षा ४–५ | | कक्षा ६–८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य घण्टी | अंकभार | पाठ्य घण्टी | अंकभार | पाठ्य घण्टी | अंकभार |
| १ | हामी र हाम्रो नगर | २० | निरन्तर मूल्याङ्कन | १६ | ८ | १६ | ८ |
| २ | स्थानीय पेसा व्यावसाय र प्रविधि | ३६ | | २० | १० | २० | १० |
| ३ | हाम्रो स्वास्थ्य आहार र खेलकुद | २८ | | २८ | ८ | २८ | ८ |
| ४ | हाम्रो वातावरण | १६ | | १६ | ३ | १६ | ३ |
| ५ | हाम्रो सम्पदा | १६ | | १६ | ७ | १६ | ७ |
| ६ | हाम्रो भाषा र साँस्कृतिक मूल्य र मान्यता | २८ | | २० | ९ | २० | ९ |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | १६ | | १२ | ५ | १२ | ५ |
| | **जम्मा** | **१६०** | | **१२८** | **५०** | **१२८** | **५०** |

नमूना स्थानीय पाठ्यक्रम,

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

*अनुसूची २*

*अन्तिम परीक्षा (निर्णयात्मक) को प्रश्न निर्माण*

**प्रश्न निर्माण विशिष्टिकरण तालिका** (Specification Gird) **कक्षा ४–८**

| क्र. सं. | क्षेत्र | अति संक्षिप्त उत्तरात्मक प्रश्न | | | संक्षिप्त उत्तरात्मक प्रश्न | | | लामो उत्तरात्मक प्रश्न | | | जम्मा प्रश्न संख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न संख्या | अंक भार | जम्मा अंक | प्रश्न संख्या | अंक भार | जम्मा अंक | प्रश्न संख्या | अंक भार | जम्मा अंक | | |
| १ | हामी र हाम्रो नगर | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ४ | ८ |
| २ | स्थानीय पेसा व्यावसाय र प्रविधि | २ | १ | २ | २ | २ | ४ | १ | ४ | ४ | ५ | १० |
| ३ | हाम्रो स्वास्थ्य र आहार | २ | १ | २ | १ | २ | २ | १ | ४ | ४ | ३ | ८ |
| ४ | हाम्रो वातावरण | १ | १ | १ | १ | २ | २ | | | | २ | ३ |
| ५ | हाम्रो सम्पदा | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ६ | हाम्रो भाषा र संस्कृतिक मूल्य मान्यता | १ | १ | १ | २ | २ | ४ | १ | ४ | ४ | ४ | ९ |
| ७ | प्रकोप तथा विपद् व्यवस्थापन | १ | १ | १ | २ | २ | ४ | | | | ३ | ५ |
| | जम्मा | १० | १ | १० | १० | २ | २० | ५ | ४ | २० | २४ | ५० |

नमूना

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपु

नमूना स्थानीय पाठ्यक्रम,कृष्णपुर

नमूना स्थानीय पाठ्यक्रम, कृष्णपुर